# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

द्वितीय

# वार्षिक प्रतिवेदन

(२०७७ श्रावण-२०७८ आषाढ)

# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

## द्वितीय
# वार्षिक प्रतिवेदन
## (२०७७ श्रावण-२०७८ आषाढ)

# प्रदेश लोक सेवा आयोग


**सम्पर्कः**

**प्रदेश लोक सेवा आयोग**

**ठेगानाः**

**लुम्बिनी प्रदेश,**

**मुकामः बुटवल, रुपन्देही**

**सम्पर्क नं.**

**०७१-५४१०६२**

**०७१-५४१४८४**

**इमेलः**

info.ppsc@lumbini.gov.np

ppsc.lumbini@gmail.com

**वेबसाइटः**

www.ppsc.lumbini.gov.np

**विद्युतीय दरखास्त प्रणाली**

www.ppsconline.lumbini.gov.np

प्रदेश लोक सेवा आयोग ऐन, २०७६

को दफा ४३ बमोजिम

माननीय प्रदेश प्रमुखसमक्ष प्रस्तुत गरिएको

प्रदेश लोक सेवा आयोगको

# द्वितीय वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा २०७७ श्रावणदेखि

२०७८ आषाढ मासान्तसम्म आयोगबाट

सम्पादन भएका कामकारवाहीहरू

समेटिएका छन् ।

# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश
**मुकामः बुटवल, नेपाल**

मितिः २०७८।०५।०९

**विषयः आयोगको द्वितीय वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको सम्बन्धमा ।**

माननीय प्रदेश प्रमुखज्यू,
लुम्बिनी प्रदेश, मुकामः बुटवल, नेपाल ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७७।०७८ मा सम्पादन गरेका कामकारवाहीहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

भवदीय

(प्रा. डिलाराम भट्टराई)
अध्यक्ष

(बाबुराम गौतम)
सदस्य

(शंकरहरि आचार्य)
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरु



**प्रा. डिलाराम भट्टराई**
अध्यक्ष




**बाबुराम गौतम**
सदस्य




**शंकरहरि आचार्य**
सचिव

# नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा



# लुम्बिनी प्रदेशको राजनीतिक तथा प्रशासनिक नक्सा



# कार्याकारी सारांश

नेपालको संविधानको धारा २४४ मा प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था छ। संविधान र प्रदेश लोक सेवा आयोग आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ मा भएका प्रावधान बमोजिम लुम्बिनी प्रदेशले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनाएको छ। सोही ऐनमा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश लोक सेवा आयोगले गरेका काम कारवाहीलाई समेटेर प्रस्तुत द्वितीय वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनका पाँचवटा परिच्छेदहरुमा समावेश भएका विषयवस्तुहरु देहाय बमोजिम रहेका छन्ः-

- परिच्छेद १ प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र
- परिच्छेद २ आयोगको कार्य सम्पादनका आधारहरु
- परिच्छेद ३ प्रशासन तथा वित्त व्यवस्थापन
- परिच्छेद ४ कानून र पाठ्यक्रम निर्माण, गोष्ठी सञ्चालन तथा परामर्श
- परिच्छेद ५ सुझावहरु
- अनुसूचीहरु एवम् तस्वीरहरु।

आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश लोक सेवा आयोगले पाठयक्रम निर्माण गर्ने कामलाई निरन्तरता दिंदै आएको छ। यसै गरी विज्ञहरुको विवरण लिने कार्यलाई निरन्तरता दिइएको छ। आयोगलाई कार्य सम्पादन गर्न चाहिने नीति-नियम, निर्देशिका लगायतका कानूनी आधार निर्माण गरिएको छ। कार्यालय व्यवस्थापन गर्न साधन स्रोतहरुको व्यवस्था गर्ने कार्य भइरहेको छ। विद्युतीय दरखास्त संकलनका लागि आयोगको वेबसाइटको स्तरोन्नति गर्ने कार्य जारी छ। कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि तालिम सम्पन्न गरिएको छ। प्रदेश तथा जिल्लास्तरमा आयोगको काम, कर्तव्य र भावी कार्यदिशा बारे गोष्ठीहरु सञ्चालन गरी राय सुझावहरु लिने कार्य गरिएको छ। क्याम्पस तथा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई सरकारी सेवामा आकर्षण बढाउन विविध विषयको जानकारी दिने उद्देश्यले प्रबर्द्धनात्मक कार्य गरिएको छ।

आयोगका काम कारवाहीलाई स्वच्छ, पारदर्शी तथा वस्तुनिष्ठ बनाउने उद्देश्यले नियमावली लगायतका विभिन्न मापदण्ड तयार पारिएको छ। यसै क्रममा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६, प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६, प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६, प्रदेश लोक सेवा आयोग (कार्यसंचालन) निर्देशिका, २०७७, परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७ तयार गरिएको छ।

आयोगले हालसम्म विभिन्न सेवा, समूह, तहका कूल ४३ वटा पदहरुको पाठ्यक्रम तयार गरिसकेको छ। यस आ.व. मा जम्मा २४ वटा बैठक बसी ३५ वटा निर्णयहरु गरिएको छ। प्रदेश सरकारको माग बमोजिम स्वास्थ्य सेवा तथा इञ्जिनियरिङ्ग सेवाका विभिन्न ११ समूह/उपसमूहका ९६ पदमा विज्ञापन आह्वान गरिएको छ।

आयोगलाई जीवन्तता प्रदान गर्न जनशक्ति व्यवस्थापन महत्वपूर्ण हुन्छ। प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०५।११ को निर्णय बमोजिम ३० जना कर्मचारी रहने अस्थायी स्वीकृत दरबन्दीमा जम्मा १५ जना कर्मचारीबाट आयोगले आफ्नो काम कारवाहीलाई व्यवस्थापन गर्दै आएको छ।

प्रतिवेदनको अन्तिम परिच्छेदमा सुझावहरु प्रस्तुत गरिएको छ। यसै गरी प्रदेश सरकारले बनाउनु पर्ने ऐनहरु तथा स्थानीय तथा प्रदेश स्तरका कर्मचारीहरुको अभिलेख व्यवस्थापनलाई जोड दिइएको छ। प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास लगायत तालिमका कार्यक्रम संचालन गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। आयोगले पूर्ण रुपमा काम गर्नु पर्दा थप हुनु पर्ने भवन, भौतिक पूर्वाधार, जनशक्ति र स्रोतसाधनबारे सुझावहरु प्रस्तुत गरिएको छ।

# धन्यवाद ज्ञापन

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशलाई आवश्यक जनशक्ति, बजेट र भौतिक पूर्वाधार उपलब्ध गराई सहयोग पुऱ्याउनु भएकोमा प्रदेश सरकार प्रति आयोग धन्यवाद ज्ञापन गर्दछ। आ.व. २०७७।०७८ को अवधिमा दक्ष/विज्ञको सेवा दिनु हुने दक्ष/विज्ञहरु र आयोगको काम कारवाहीलाई थप व्यवस्थित बनाउन आयोगलाई रचनात्मक राय सुझाव दिनुहुने प्रदेश तथा स्थानीय तहका नेतृत्वगणप्रति आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ। लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलनको आयोजना गरी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुबीच औपचारिक रुपमा सहयोग, सहकार्य र समन्वयको सुरुवात गर्नु भएकोमा लोक सेवा आयोगका निर्वतमान माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनाली र माननीय सदस्यज्यूहरुप्रति यस आयोग हार्दिक आभार प्रकट गर्दछ।

यसै गरी आयोगको काम कारवाहीलाई अग्रगति दिन काम गर्ने र यहाँको हातमा रहेको प्रतिवेदन तयार पार्ने कार्यमा संलग्न हुनु भएका आयोगका सबै कर्मचारीहरुलाई प्रदेश लोक सेवा आयोग धन्यवाद ज्ञापन गर्दछ।

# विषय सूची


| विवरण | पृष्ठ संख्या |
|---|---|
| **परिच्छेद १** | |
| **प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ आयोगको गठन | २ |
| १.३ काम, कर्तव्य र अधिकार | २ |
| १.४ प्रतिवेदन | ४ |
| **परिच्छेद २** | |
| **आयोगको कार्यसम्पादनका आधारहरु** | |
| २.१ संस्थागत प्रवन्ध | ५ |
| २.२ संगठनात्मक संरचना र कार्यक्षेत्र | ७ |
| २.३ आयोगको कार्य सम्पादनका आधारभूत सिद्धान्तहरु | १० |
| २.४ कार्य सम्पादन प्रक्रिया र कार्यप्रवाह | १२ |
| २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन | २० |
| **परिच्छेद ३** | |
| **प्रशासन तथा वित्त व्यवस्थापन** | |
| ३.१ वैठक तथा निर्णय | २१ |
| ३.२ आयोगको कर्मचारी दरबन्दी र विद्यमान व्यवस्था | ३१ |
| ३.३ बजेट, निकासा, खर्च र राजश्व | ३१ |
| ३.४ भौतिक अवस्था | ३२ |
| **परिच्छेद ४** | |
| **कानून, पाठ्यक्रम निर्माण, गोष्ठी सञ्चालन तथा परामर्श** | |
| ४.१ प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ | ३३ |
| ४.२ परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७ | ३३ |
| ४.३ पाठ्यक्रम निर्माण | ३३ |
| ४.४ अन्तर प्रदेश समन्वय र सहयोग | ३४ |
| ४.५ लोक सेवा आयोगसँग समन्वय र सहयोग | ३४ |
| ४.६ अन्तरक्रिया गोष्ठी सञ्चालन | ३५ |
| ४.७ प्रकाशन | ३७ |
| ४.८ दक्ष/विज्ञ/विशेषज्ञहरुको रोष्टर निर्माण | ३७ |
| ४.९ विभागीय सजाय सम्वन्धमा परामर्श | ३७ |

## परिच्छेद ५
## सुझावहरु

५ सुझावहरु ३८

### तालिकाहरु

१. स्वीकृत संगठन संरचना ८
२. हालको दरबन्दी र पदपूर्तिको अवस्था ९
३. पदपूर्ति सम्वन्धी कार्यप्रवाह १४
४. विज्ञापन भएका पदहरुको सारांश १६
५. कूल दरखास्त अनुसार लिङ्गको आधारमा महिला तथा पुरुषको संख्या १७
६. कूल दरखास्त अनुसार खुला समावेशीको आधारमा उम्मेदवारहरुको संख्या १८
७. आयोगको वैठक तथा निर्णयहरु २२
८. बजेट, निकासा र खर्च ३१
९. राजश्व ३२

### चित्रहरु

१. विज्ञापन भएका पदहरुको गोलाकार चित्रमा प्रस्तुतिकरण १६
२. कूल दरखास्त अनुसार लिङ्गको आधारमा महिला तथा पुरुषको संख्या १८
३. कूल दरखास्त अनुसार खुला समावेशीको आधारमा उम्मेदवारहरुको संख्या १८
४. बिनियोजित बजेट र खर्च ३१

### अनुसूचीहरु

१. विज्ञापनको विस्तृत विवरण ४०
२. विभिन्न पदहरुको लागि परेको दरखास्त अनुसारको संख्यात्मक विवरण ४२
३. हालसम्म निर्माण भएका पाठ्यक्रमको विवरण ४४
४. लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलन घोषणा पत्र ४८
५. लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलनका निर्णयहरु ४९
६. आयोगबाट सञ्चालन भएका प्रवर्धनात्मक कार्यहरु ५०
७. मौजुदा कर्मचारीहरुको नामावली ५२
८. विभिन्न गतिविधिहरुका तस्वीरहरु

# परिच्छेद १

# प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

लामो समयको अथक प्रयास पछि संविधान सभाबाट पारित भई नेपालको संविधान २०७२।०६।०३ गते जनताका सामु आयो । यस संविधानमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था रहने कुरा स्पष्ट साथ उल्लेख गरिएको छ। यसै संविधानको भाग २३ धारा २४२ र २४३ मा संघमा एक लोक सेवा आयोग रहने व्यवस्था गरिएको छ । त्यस्तै गरी सोही भागको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरिएको छ । प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा संघीय संसद्ले आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

संघीय संसद्ले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धी आधार र मापदण्ड निर्धारण गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बनाई लागू भएको छ । प्रस्तुत ऐनका प्रावधान अन्तर्गत रही लुम्बिनी प्रदेशको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनाई मिति २०७६।०२।२१ मा जारी गरेको छ । उक्त ऐन प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यले निर्माण गरिएको हो । त्यसका अतिरिक्त यस ऐनमा प्रदेश लोक सेवा आयोगको गठनका आधार र पद रिक्त हुने आधारहरुको व्यवस्था गरिएको छ । यसै गरी उक्त आधार र मापदण्ड निर्धारण ऐनमा प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको पुनः नियुक्तिका विषयमा स्पष्ट पारिएको छ । आयोगले लिने परीक्षाका तरिका, परीक्षाको भाषा, आयोगले दिने परामर्शका विषयमा स्पष्ट व्यवस्था गरिएको छ । साथै लोक सेवा आयोगले पदपूर्तिमा अपनाएको सिद्धान्त र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले अवलम्वन गर्नुपर्ने र त्यसो नगरेमा यसले गरेको कामकारवाही स्वतः बदरभागी हुने व्यवस्था पनि गरिएको छ । प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोगसँग पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्वन्धी कुनै पनि विषयका सम्वन्धमा सहयोग लिन सक्ने व्यवस्था समेत उक्त ऐनमा गरिएको छ ।

## १.२ आयोगको गठन

नेपालको संविधानको धारा २४४ (२) अन्तर्गत रही लुम्बिनी प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित भई लागू भएको छ। उक्त ऐनको दफा ३ मा प्रदेश लोक सेवा आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्षसहित बढीमा तीन जना सदस्य रहने व्यवस्था गरिएको छ । अध्यक्ष र सदस्यको नियुक्तिको लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाका माननीय सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहने गरी एक सिफारिस समिति रहने व्यवस्था छ। सो समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ। प्रदेश लोक सेवा आयोगका पदाधिकारी नियुक्ति हुँदा आयोगका सदस्यहरुमध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरूमध्येबाट नियुक्त हुने व्यवस्था छ। यसका अतिरिक्त मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको र नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको हुनु पर्ने व्यवस्था छ। यसै गरी अध्यक्षको हकमा पैतालीत वर्ष उमेर पुगेको हुनु पर्नेछ भने अन्य सदस्य पैतीस वर्ष उमेर पूरा भएको तथा उच्च नैतिक चरित्र भएको नेपाली नागरिक भएको व्यक्ति मात्र आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था ऐनमा गरिएको छ।

प्रस्तुत ऐनमा भएको व्यवस्था अनुरुप अध्यक्ष र एक जना सदस्यको नियुक्ति भई आयोगले आफ्ना काम कारवाहीलाई अगाडि बढाएको छ।

## १.३ काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्वन्धमा प्रदेश कानूनमा व्यवस्था गर्न आधार र मापदण्ड तोकिएको छ। उक्त ऐनको दफा ६ (क) मा लोक सेवा आयोग सम्वन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त तथा सोही दफाको खण्ड (ख)मा विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनोटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनोट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत नम्वरको प्रयोग, उत्तरपुस्तिकाको परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाहीका सम्वन्धमा लोक सेवा आयोगले अपनाएको

अभ्यास, विधि तथा मापदण्डलाई आधार र मापदण्ड मान्ने व्यवस्था छ । प्रस्तुत आधार र मापदण्डमा रही प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हो । प्रदेश निजामती सेवा भन्नाले "**प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानून बमोजिम तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा**" भन्ने उल्लेख उक्त ऐनको परिभाषमा गरिएको छ । साथै प्रस्तुत दुई सेवा बाहेक प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा, संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्नु पनि प्रदेश लोक सेवा आयोगको कर्तव्य हो भनी उल्लेख गरिएको छ । उल्लिखित अधिकारका अतिरिक्त देहायका विषयहरुमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था उक्त ऐनमा गरिएको छ ।

(क) निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दाको विषयमा,
(ख) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,
(ग) प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,
(घ) प्रदेश सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
(ङ) कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,
(छ) प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा,
(ज) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा,
(झ) संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा ।

## १.४ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ मा आयोगले प्रत्येक आर्थिक वर्ष भित्र सम्पन्न गरेको कामको बार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्था अनुरुप प्रदेश लोक सेवा आयोगले बर्षभरि आफूले गरेको काम कारवाहीको विवरणको वार्षिक प्रतिवेदन तयार पार्नुपर्छ। उक्त प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र माननीय प्रदेश प्रमुखसमक्ष प्रस्तुत गर्नुपर्छ। प्रस्तुत व्यवस्था बमोजिम आयोगले आर्थिक वर्ष २०७७।०७८ को वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखसमक्ष पेश गर्न यो प्रतिवेदन तयार गरिएको छ।

# परिच्छेद २
# आयोगको कार्यसम्पादनका आधारहरु

## २.१ संस्थागत प्रबन्ध

जुनसुकै निकायको कार्य संचालनका लागि संस्थागत व्यवस्था हुनुपर्छ। सोही अनुरुप आयोगको काम कारवाहीलाई व्यवस्थापन गर्न संस्थागत व्यवस्था भएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ बमोजिम सिफारिस भई आयोगका अध्यक्षको नियुक्ति र सपथ ग्रहण पश्चात् लोक सेवा आयोग गठन भई आयोगको कार्यालय २०७६।०४।२८ बाट सञ्चालनमा आएको हो । अहिले आयोगको कार्यालय लुम्बिनी प्रदेशको मुकाम बुटवलमा रहेको छ । दुईवटा स-साना भवनबाट कार्यालय संचालन भइरहेको छ।

### २.१.१ संविधान

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न ऐतिहासिक संविधान सभाबाट पारित भई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई जारी भएको संविधान लामो समयको अथक प्रयास पछि प्राप्त भएको ठूलो उपलब्धि हो । सोही संविधानमा भएको व्यवस्था अनुसार प्रत्येक प्रदेशमा लोक सेवा आयोगको गठन गरिएको छ। प्रदेश मातहतका संरचनाका विभिन्न निकायहरुमा र स्थानीय तहसँग सम्वन्धित संरचनाहरुमा कर्मचारीको रिक्त पदपूर्तिका लागि यसको गठन गरिएको हो ।

संविधानमा व्यवस्था भए बमोजिम संघीय संसद्बाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन २०७५ जारी गरिएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको ऐनमा प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने कुरा उल्लेख गरिएको छ।

उक्त ऐनमा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा, कर्मचारीका सेवा, शर्त सम्बन्धी कानून आदि विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरिएको छ। प्रदेश लोक

सेवा आयोगले लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, सिद्धान्त, अभ्यास, विधि तथा मापदण्ड अवलम्बन गर्नु पर्ने व्यवस्था गरिएको छ। यस विपरीत हुने गरी आयोगले कुनै काम कारवाही गरे त्यो स्वतः बदर हुने आधार र मापदण्डमा व्यवस्था गरिएको छ।

साथै उक्त ऐनले प्रदेश लोक सेवा आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण र परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्ने कानूनी प्रावधान रहेको छ।

२.१.२ **कानूनहरु**

नेपालको संविधानको धारा २४४ को उपधारा (२) मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ। संघीय संसद् बाट प्रदेश लोक सेवा आयोग ( आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भए पश्चात् प्रदेश सभा लुम्बिनी प्रदेशबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित भई कार्यान्वयनमा आएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तुत ऐनले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समयानुकूल, रुपान्तरित, सक्षम, सुदृढ र सेवामुखी बनाउने व्यवस्था गरेको छ। उक्त ऐनको दफा ३ बमोजिम लुम्बिनी प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था छ। प्रदेश लोक सेवा आयोगमा अध्यक्ष सहित कम्तीमा एक जना महिला पर्ने गरी बढीमा तीन जना सदस्य रहने व्यवस्था गरिएको छ।

प्रदेश लोक सेवा ऐन, २०७६ को दफा ६१ र ६२ ले प्रदान गरेको अधिकार बमोजिम आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ सहित आफ्नो क्षेत्राधिकारका कानून निर्माण गरेको र आयोगको कार्य सञ्चालन निर्देशिका २०७७ समेत निर्माण गरेको छ।

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका कानून एवम् कार्यविधिहरु निम्न अनुसार छन्।

- नेपालको संविधान
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- कर्मचारी समायोजन ऐन, २०७५

- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा ऐन, २०७६
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश लोक सेवा आयोगका समय-समयका निर्णयहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू


## २.२ संगठनात्मक संरचना र कार्यक्षेत्र

गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएको जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सुशासन प्रवर्द्धनमा सहयोग गर्न गठन भएको प्रदेश लोक सेवा आयोगले प्रदेश भित्रका प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, विभाग तथा कार्यालयहरु, प्रदेश स्तरका अन्य सरकारी सेवाका र संगठित संस्थाका सेवाका पदहरुको पदपूर्ति गर्नुका साथै स्थानीय तहको सरकारी सेवा तथा स्थानीय तहका संगठित संस्थाका सेवाका पदहरुको पदपूर्ति गर्ने कानूनी व्यवस्था रहेको छ। साथै लुम्बिनी प्रदेशका अर्घाखाँची, गुल्मी, पाल्पा, प्युठान, रोल्पा, रुकुम (पूर्व), दाङ्ग, बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाहरुका जिल्ला समन्वय समितिहरु र १०९ स्थानीय तहहरुको विभिन्न तहका पदहरुको पदपूर्ति गर्ने कार्य आयोगको कार्यक्षेत्र भित्र पर्दछ । यी सम्पूर्ण कार्यहरु हाललाई लुम्बिनी प्रदेशको मुकाम बुटवलमा रहेको प्रदेश लोक सेवा आयोगको कार्यालयबाट सञ्चालन हुनेछन् । हाल यस आयोगमा आयोगका अध्यक्ष र सदस्य तथा १५ जना कर्मचारीहरुबाट कार्यसम्पादन भइरहेको छ । आयोगको संगठन संरचना र कर्मचारीको दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ । हाल प्रदेश सरकारले ३० जना कर्मचारीहरुको अस्थायी दरबन्दी स्वीकृत गरेको छ । स्वीकृत संगठन संरचना तालिका १ मा दिइएको छ। हालको दरबन्दी र पदपूर्तिको अवस्था तालिका २ मा उल्लेख गरिएको छ ।

तालिका १

## मौजुदा संगठन तालिका

# प्रदेश लोक सेवा आयोग




* प्रदेश सरकार (मन्त्रिपरिषद्क) को मिति २०७७।०५।११ को निर्णय बमोजिमको अस्थायी दरवन्दी

तालिका २

## हालको दरबन्दी र पदपूर्तिको अवस्था

| क्र.स. | पद | तह | सेवा/समूह | स्वीकृत संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ११ | प्रशासन/सा.प्र. | १ | १ | ० | संघबाट रा.प.प्रथम श्रेणीको सह सचिवलाई सचिवको जिम्मेवारीमा काजमा खटाएको |
| २ | अधिकृत | ९/१० | प्रशासन/सा.प्र. | २ | १ | १ | संघबाट रा.प.द्वितीय श्रेणीको प्रशासन सेवाका उपसचिव १ जना काजमा खटाएको |
| ३ | अधिकृत | ७/८ | प्रशासन/सा.प्र. | ४ | २ | २ | तह ८ का १ जना<br>तह ७ का १ जना गरी २ जना कार्यरत |
| ४ | कम्प्युटर ईन्जिनियर | ७/८ | विविध | १ | ० | १ | |
| ५ | अधिकृत | ७/८ | न्याय/कानून | १ | ० | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा/शिक्षा प्र. | १ | ० | १ | |
| ७ | सहायक/अधिकृत | ५/६ | प्रशासन/सा.प्र. | ९ | २ | ७ | तह ६ का १ जना, सहायक ५ औं तहका १ जना गरी २ जना कार्यरत |
| ८ | सहायक/अधिकृत | ५/६ | विविध | २ | २ | ० | तह ६ का २ जना कार्यरत |
| ९ | सहायक/अधिकृत | ५/६ | प्रशासन/लेखा | १ | १ | ० | तह ६ का १ जना कार्यरत |
| १० | ह.स.चा. | | | ४ | ३ | १ | |
| ११ | का.स. | | | ४ | ३ | १ | |
| कुल जम्मा | | | | ३० | १५ | १५ | |

हाललाई प्रदेश सरकारबाट स्वीकृत गरेको अस्थायी दरबन्दीमा पाँच वटा मात्र शाखा राखिएको छ । लोक सेवा आयोगको प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, अभ्यास, विधि तथा मापदण्ड र योग्यता, निष्पक्षता, स्वच्छता, परिचय शून्यता, असंलग्नता तथा गोपनीयता आदि सिद्धान्तहरुलाई ध्यानमा राखी विभिन्न सेवाका लागि उपयुक्त उम्मेदवार छनौटको लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तरवार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका कार्यसम्पादन गर्न स्वीकृत दरबन्दी धेरै न्यून हुने देखिन्छ । साथै पदपूर्ति प्रकृयामा निष्पक्षता, स्वच्छता, गोपनीयता, असंलग्नता कायम गरी आयोगको कार्यप्रकृति अनुरुप प्रस्तुत शाखाहरुको विद्यमान संरचना अपुग छ । कार्यचापको आधारमा आयोगलाई आवश्यक हुने कर्मचारीको व्यवस्था प्रदेश सरकारबाट हुने नै छ भन्ने अपेक्षा आयोगले गरेको छ ।

## २.३ आयोगको कार्यसम्पादनका आधारभूत सिद्धान्तहरु

आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई प्रमुख प्राथमिकता दिई देहाय बमोजिमका मुख्य सिद्धान्तहरु अवलम्बन गर्नु पर्दछ । यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्टताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरुलाई चाहिने जनशक्तिको छनौट तथा सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिवद्ध भई कार्य सम्पादन गर्नु आयोगको दायित्व हुन्छ । लोक सेवा आयोगका देहाय बमोजिमका स्थापित सिद्धान्तहरुलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी काम गर्नु गराउनु पर्छ ।

### २.३.१ स्वतन्त्रताको सिद्धान्त

प्रदेश लोक सेवा आयोग नेपालको संविधानको व्यवस्था तथा प्रदेश कानून बमोजिम गठन भएको संस्था हो । यसले प्रचलित कानून, ऐन तथा नियमहरुको आधारमा आफ्नो कार्यसम्पादन गर्दछ । आयोगले स्वतन्त्र रुपमा कोही कसैको दबाबमा नपरी स्वतन्त्रतापूर्वक कानूनले तोकेको अधिकार प्रयोग गरी आफ्ना काम कारवाहीलाई अगाडि बढाउँछ ।

### २.३.२ निष्पक्षताको सिद्धान्त

आयोगले काम वा निर्णय गर्दा कसैलाई अन्याय नहुने गरी पूर्ण रुपमा सजकता अपनाइएको हुन्छ । यसरी गरिने निर्णयहरु पक्षपात तथा पूर्वाग्रहरहित हुन्छन् ।

### २.३.३ स्वच्छताको सिद्धान्त

आयोगका सम्पूर्ण काम कारवाहीहरु स्वच्छ र वस्तुपरक हुन्छन् । यसको लागि उत्तरदायित्वपूर्वक तथा विश्वसनियताको आधारमा आफ्ना जिम्मेवारीलाई इमान्दारीका साथ सम्पूर्ण काम कारवाही सम्पादन गर्दछ । यसले गर्ने हरेक क्रियाकलाप स्वच्छताको सिद्धान्तमा आधारित हुन्छ ।

### २.३.४ योग्यताको सिद्धान्त

आयोगले निष्पक्ष परीक्षा गराई योग्य उम्मेदवारहरुलाई योग्यताक्रम सूचिबाटै सिफारिस गर्दछ । सिफारिस हुने उम्मेदवारको आफ्नो पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सिप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम  बमोजिम परीक्षा सञ्चालन हुने हुँदा उत्कृष्टताको आधारमा योग्यता प्रणालीबाट अब्बल भएका उम्मेदवारलाई मात्र नियुक्तिका लागि सिफारिस गर्दछ ।

### २.३.५ असंलग्नताको सिद्धान्त

आयोगले प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६ लागू गरेको छ । यस अनुसार आयोगका पदाधिकारी, कर्मचारी र दक्ष/विज्ञ/विशेषज्ञका नातेदार आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा उम्मेदवार भएको अवस्थामा कोही पनि उक्त परीक्षाको सम्पूर्ण प्रक्रियामा संलग्न हुन नपाउने व्यवस्था गरिएको छ ।

### २.३.६ समान अवसरको सिद्धान्त

आयोगबाट हुने सबै विज्ञापनका लागि तोकिएको योग्यता पुगेका नेपाली नागरिकले दरखास्त दिन समान अवसर पाउछन् । विज्ञापन भएको सम्बन्धित पदको लागि योग्यता पुग्ने सबै नेपाली नागरिकको पहुँच सहित समान अवसरको सुनिश्चितता गर्न आवश्यक प्रबन्ध गरिने छ ।

### २.३.७ समावेशी सिद्धान्त

नेपालको संविधानमा व्यवस्था गरिएको समावेशीकरण नीति बमोजिम प्रचलित कानून वा प्रदेश सरकारले निर्धारण गरेको प्रतिशत अनुसार आयोगले प्राप्त माग पदहरुको विभिन्न समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्तिको प्रणाली अवलम्वन गर्ने छ ।

### २.३.८ द्विअन्ध सिद्धान्त

आयोगका हरेक महाशाखा/शाखाहरुलाई विशेष जिम्मेवारी दिइएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्कोको संलग्नता हुँदैन । कुनै पनि पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी कर्मचारी वा दक्ष/विज्ञ/विशेषज्ञले सो प्रक्रियाको अन्य चरणको काममा संलग्न हुँदैनन् । उत्तरपुस्तिकामा दोहोरो संकेतीकरणको कारणले उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो थाहा पाउँदैन र उत्तरपुस्तिका रुजु तथा प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा अनभिज्ञ हुन्छन् ।

### २.३.९ परिचय शून्यताको सिद्धान्त

उत्तरपुस्तिकाहरुलाई संकेतीकरण गरेपछि उत्तरपुस्तिका परीक्षण पश्चात् वैयक्तिक पहिचान विहीन संकेतको आधारमा प्राप्ताङ्क तालिका तयार पारिन्छ। अन्तरवार्ता लिने पदाधिकारी/दक्ष/विज्ञ/विशेषज्ञलाई लिखित परीक्षा लगायतका सवै प्रकारको परीक्षाको प्राप्तांक थाहा हुदैन । आचार संहिता बमोजिम अन्तर्वार्ता लिने व्यक्तिले कुनै पनि उम्मेदवारसँग वैयक्तिक परिचय खुल्ने प्रश्न सोध्नु हुदैन र आफ्नो नाता सम्वन्ध नभएको सुनिश्चित गरी अन्तर्वार्ताकारको रुपमा बस्ने निर्णय लिनु पर्दछ। अन्तर्वार्ता दिने उम्मेदवार नाता पर्ने भएमा अन्तर्वार्ता लिनको लागि बस्नु हुदैन ।

### २.३.१० गोपनीयताको सिद्धान्त

आयोगका कार्यसम्पादनलाई निष्पक्षता, स्वच्छता र विश्वसनीय बनाउन विभिन्न चरणमा हुने कार्यमा गोपनीयताको सिद्धान्त अपनाइएको हुन्छ । परीक्षा प्रणालीलाई गोपनीयता कायम गर्नका लागि परीक्षाका प्रश्नपत्र, प्रश्नपत्रहरुको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। परिक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ। यसरी पदपूर्ति प्रक्रियाका परीक्षाका चरणहरुमा पूर्णरुपमा गोपनीयताको सुनिश्चितता गरिन्छ।

## २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह


प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन र तत्सम्बन्धी नियमावलीहरु बनिनसकेको अवस्था छ । यी ऐन तथा नियमावलीहरु बनिनसकेको अवस्थामा पनि कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ उपदफा २ बमोजिम प्रदेश वा स्थानीय तहहरुको सेवा सम्बन्धी कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पद संख्या निर्धारण गरी पदपूर्ति गरिने व्यवस्था छ। यसरी पदपूर्ति गर्दा बढुवाको लागि निर्धारण भएको

पदमा बढुवा हुने पदको आवश्यक न्यूनतम योग्यता पुगेका सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाका एक श्रेणी वा तह मुनिका सम्भाव्य उम्मेदवारहरुलाई तोकिएको तत् तत् पदहरुमा बढुवा गरिन्छ। साथै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १५ मा प्रचलित कानून बमोजिम पदहरुको प्रतिशत निर्धारण गर्न सकिने प्रावधान राखिएको छ। यसैलाई आधार मानी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट निर्णय गरी इञ्जिनियरिङ तथा स्वास्थ्य सेवाका अधिकृतस्तरका आठौ तथा सातौं तहका विभिन्न ११५ पदको माग भई आएकोमा प्रचलित कानून बमोजिम प्रतिशत निर्धारण गर्दा आन्तरिक प्रतियोगिता तथा बढुवा हुने पदहरुको संख्या सुरक्षित राखी बाँकी खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गर्न कूल ९६ पदहरुको लागि विज्ञापन प्रकाशित गरिएकोमा सम्मानित सर्वोच्च अदालतबाट यथास्थितिमा राख्न आदेश भए अनुसार उक्त विज्ञापनको पदपूर्ति कार्य हाललाई रोकिएको छ।

प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन र नियमावलीहरुमा हुने पदपूर्तिको व्यवस्था अनुसार प्रदेश प्रहरी सेवा र संगठित संस्थाको सेवाका पदहरुको लागि समेत उपयुक्त उम्मेदवार छनौट गर्नका लागि अवलम्बन गरिने कार्य प्रक्रिया र कार्यप्रवाहलाई तालिका ३ मा उल्लेख गरिएको छ ।

**तालिका ३**

**पदपूर्ति सम्बन्धी कार्यप्रवाह**



### २.४.१ वार्षिक कार्यतालिका

प्रदेश लोक सेवा आयोग गठन भई क्रियाशील रहेको भए तापनि प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन, प्रदेश प्रहरी सेवा ऐन, प्रदेश संगठित संस्थाका सेवाहरुको समेत कानून बनिनसकेको र सम्वन्धित निकायबाट पदपूर्तीको माग प्राप्त भइनसकेको हुँदा आर्थिक वर्ष २०७८/०७९ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका समयमै सार्वजनिक गर्न सकिएन । कर्मचारी मागका आधारमा आगामी दिनमा पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गरिने कार्यक्रम रहेको छ ।

### २.४.२ विज्ञापन प्रकाशन


प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, विभाग, निर्देशनालय, कार्यालय तथा स्थानीय तहले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह र तह समेत खुल्ने गरी माग आकृति फारम भरी पठाउनु पर्दछ। आयोगलाई प्राप्त मागका आधारमा प्रचलित कानून र प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन तथा तत्सम्बन्धी नियमावलीहरुमा हुने व्यवस्था अनुसार प्रतिशत निर्धारण गरी खुल्ला, बढुवा, आन्तरिक प्रतियोगिता तथा समावेशी समूहहरुमा पदसंख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन प्रकाशन गरी दरखास्त आव्हान गर्दछ। यस्तो विज्ञापन आयोगको वेवसाइट तथा राष्ट्रिय पत्रपत्रिका र आयोगको सूचना पाटीमा समेत प्रकाशन गरिन्छ । प्रदेश प्रहरी सेवा र संगठित संस्थाको हकमा कार्यतालिकामा निर्धारित समयमा पदपूर्तिको विज्ञापन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्नेछन् । आयोगको सहमति भैसकेपछि सम्बन्धित संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने कार्यलाई अगाडि बढाउनेछन् ।

आ.व. २०७७।७८ मा प्रदेश सरकारको माग बमोजिम देहायका पदहरुको खुला प्रतियोगित्मक परीक्षाको लागि विज्ञापन भएकोमा सम्मानित सर्वोच्च अदालतबाट यथास्थितिमा राख्न आदेश भए अनुसार विज्ञापनहरुको दरखास्त संकलन गर्ने कार्य पछिका कार्यहरु रोकिएको अवस्था छ। उक्त विज्ञापनहरुको विस्तृत विवरण अनुसूची १ मा दिइएको छ। विज्ञापन भएका पदहरुको सारांश तालिका ४ मा दिइएको छ । साथै विज्ञापन भएका खुला तथा समावेशीतर्फका पदहरुलाई गोलाकार चित्र (पाई चार्ट) मा चित्र नं. १ मा दिइएको छ। प्रचलित कानून बमोजिम प्रतिशत निर्धारण गर्दा बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि छुट्टाइएका पदहरु सुरक्षित रहेका छन् ।

## तालिका नं. ४
## विज्ञापन भएको पदहरुको सारांश तालिका

| पद,सेवा, समुह, उपसमुह, तह | खुला | समावेशी | कूल जम्मा |
|---|---|---|---|
| मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | २७ | २२ | ४९ |
| नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौं तह | ४ | ३ | ७ |
| फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | २ | १ | ३ |
| मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | ३ | २ | ५ |
| इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | ३ | ३ | ६ |
| इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, जनरल | २ | २ | ४ |
| इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | ३ | ३ | ६ |
| इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | १ | १ | २ |
| इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | १ | ० | १ |
| इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | ५ | ४ | ९ |
| मेकानिकल इञ्जिनियर, इञ्जिनियरिङ्ग, मेकालिनक, जनरल मेकानिकल | २ | २ | ४ |
| **कुल जम्मा** | ५३ | ४३ | ९६ |

## चित्र नं. १



### २.४.३ दरखास्त संकलन

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका खुला र आन्तरिक प्रतियोगिताका पदमा विज्ञापन प्रकाशन भएपछि सूचनामा दिएको म्याद भित्र आयोगले तोकेको ढाँचामा उम्मेदवारले सवै विवरण भरी आवश्यक कागजात पेश गरी दरखास्त दिनु पर्नेछ ।

सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने प्रयोजनार्थ २०७७ आश्विन २८ गते आयोगले पहिलो पटक प्रकाशित गरेको स्वास्थ्य सेवा तथा इञ्जिनियरिङ्ग सेवाका अधिकृत स्तरका पदहरुको लागि दरखास्त फाराम दुवै तरिकाबाट (विद्युतीय प्रणाली र स्वयं उम्मेदवार उपस्थित भई फाईल भरी) बुझाउन सकिने गरी व्यवस्था गरिएको थियो । अब उप्रान्तका विज्ञापनहरुमा भने पूर्ण रुपमा विद्युतीय दरखास्त आब्हान गर्ने गरी Online Application System तयार गरी यसको परीक्षण कार्य भइरहेको छ ।

खुला तथा आन्तरिक प्रतियोगिताको दरखास्त फाराम अनलाइनमार्फत बुझाउन मिल्ने व्यवस्था भएको अवस्थामा पनि बढुवा तर्फका दरखास्त फारम भने कार्यालयमा नै बुझाउनु पर्ने हुन्छ । प्रदेश प्रहरी सेवा र संगठित संस्थाको सेवाका पदहरुको हकमा सम्बन्धित संस्थाले नै दरखास्त संकलन गर्ने व्यवस्था गरिनेछ ।


२०७७ आश्विन २८ गते आयोगले पहिलो पटक प्रकाशित गरेको स्वास्थ्य सेवा तथा इञ्जिनियरिङ्ग सेवाका अधिकृत स्तरका पदहरुको लागि विज्ञापन अनुसार उक्त विज्ञापनहरुमा परेको दरखास्त विवरण तालिका नं. ५ मा राखिएको छ । उक्त दरखास्त विवरण अनुसारको सारांश देहाय बमोजिम रहेको छ । कूल दरखास्तमध्ये खुला तथा समावेशीको आधारमा उम्मेदवारहरुको संख्यात्मक विवरण तालिका नं. ६ मा राखिएको छ । विज्ञापन भएका विभिन्न पदहरुको लागि परेको दरखास्त अनुसारको संख्यात्मक विवरण अनुसूची २ मा दिइएको छ । प्रस्तुत तालिकाहरुमा दिइएको संख्यात्मक विवरणहरुलाई गोलाकार चित्रहरुमा पनि क्रमशः प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**कूल दरखास्त अनुसार लिङ्गको आधारमा महिला तथा पुरुषको संख्या**

| महिला | पुरुष | कूल दरखास्त |
|---|---|---|
| २००८ | ८०२५ | १००३३ |

## चित्र नं. २





## तालिका नं. ६

### कूल दरखास्त अनुसार खुला समावेशीको आधारमा उम्मेदवारहरुको संख्या

| खुला | समावेशी | | | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | जम्मा | |
| ९९४७ | १८०५ | ११५७ | १८२१ | ७५ | १४ | २३ | ४८९५ | १४८४२ |

## चित्र नं. ३



### २.४.४ लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदहरुको परीक्षा सञ्चालनको लागि दक्ष/विज्ञ/विशेषज्ञ सेवा लिई प्रश्नपत्र तयारीको कार्य सम्पन्न गरिन्छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा तथा संगठित संस्थाको सेवाको विज्ञापन भएको पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

### २.४.५ उत्तरपुस्तिका संकेतीकरण र परीक्षण

उम्मेदवारले लिखित परीक्षा दिइसकेपछि परीक्षा केन्द्रबाट उत्तरपुस्तिका आयोगको कार्यालयमा संकलन गरिन्छ। त्यसपछि तोकिएका शाखाले गोप्यतापूर्वक उत्तरपुस्तिकाहरु छ्यासमिस गरी दुई अलग-अलग चरणमा प्रथम र दोश्रो संकेत नम्बर राखी संकेतीकरण गरिन्छ। उम्मेदवारको वैयक्तिक विवरण उत्तरपुस्तिकाबाट अलग गरी सिलवन्दी रुपमा अलग अलग स्थानमा राखिन्छ। दोश्रो संकेत नम्बर गरिएका सिलवन्दी उत्तरपुस्तिकाहरुलाई दक्ष/विज्ञ/विशेषज्ञहरुबाट आयोगको कार्यालयमा गोप्य रुपमा परीक्षण गराइन्छ।

### २.४.६ लिखित परीक्षा नतिजा, प्रयोगात्मक परीक्षा, सीप परीक्षण, अन्तर्वार्ता र सिफारिस

दक्ष/विज्ञ/विशेषज्ञहरुबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क दोश्रो संकेत नम्बरको आधारमा तालिकीकरण गरेर राखिन्छ। आयोगको कार्यसञ्चालन निर्देशिकामा उल्लिखित व्यवस्थाका आधारमा डिकोडिङ्ग गरिन्छ र माग पद संख्या अनुसार माग पद भन्दा निश्चित थप संख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारको मात्र नाम लिखित परीक्षाको नतिजा नामको वर्णानुक्रमका आधारमा प्रकाशन गरिन्छ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुको पाठ्यक्रम योजना बमोजिम प्रयोगात्मक परीक्षा, मामिला अध्ययन एवम् प्रस्तुतीकरण परीक्षा गरिसके पछि सबैको लागि अन्तर्वार्ता सञ्चालन गरिन्छ। यसरी लिखित परीक्षाको प्राप्ताङ्क, अन्तर्वार्ता र अन्य परीक्षामा प्राप्त अंक सहित कुल योगका आधारमा अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई माग पद संख्याको आधारमा योग्यता प्रणालीमा आधारित भई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।

प्रदेश प्रहरी सेवा र संगठित संस्थाको हकमा लिखित परीक्षा नतिजा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम प्रकाशन गर्न सम्बन्धित निकायमा पठाइनेछ। अन्तर्वार्ता तथा अन्य परीक्षामा आयोगको प्रतिनिधित्व हुनेगरी सम्बन्धित निकायले आफै सिफारिस गर्नेछन्।

## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८ मा अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ। कानूनी व्यवस्था अनुसार आवश्यकताको आधारमा कार्य विभाजन गरिन्छ। प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ। प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ६ बमोजिम पाठ्यक्रम निर्माण समितिको संयोजकमा आयोगका सदस्य रहने व्यवस्था गरिएको छ। कच्चा प्रश्नपत्र निर्माण र परिमार्जन गर्न आयोगले कार्य विभाजन गरेको छ। साथै आयोगले प्रवक्ता र सूचना अधिकारी तोकी सोही बमोजिम आयोगमा काम कारवाही अगाडि बढाइएको छ। अन्य कार्य विभाजन आयोगको आवश्यकताको आधारमा गरिनेछ।

# परिच्छेद ३

## प्रशासन तथा वित्त व्यवस्थापन

### ३.१ बैठक तथा निर्णय

यस आयोगको स्थापना आर्थिक वर्ष २०७६।०७७ मा भएको हो । आयोगका अध्यक्षको सपथग्रहण र पदवहाली २०७६ साउन २८ गते भएको हुँदा सोही दिनलाई आयोगको जन्म दिवसका रुपमा लिइएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ मा संविधान, ऐन र प्रचलित कानून बमोजिम आयोगले गर्नु पर्ने सम्पूर्ण काम आयोगको निर्णय बमोजिम हुने व्यवस्था छ। उक्त ऐनको दफा ६(३) मा कम्तीमा दुईजना सदस्यहरु उपस्थित भएमा आयोगको वैठक बस्न सक्ने व्यवस्था छ। आ.व. २०७७।०७८ मा जम्मा २४ पटक बैठक बसी ३५ वटा निर्णय भएका छन् । आयोगको निर्णय सम्वन्धी विस्तृत विवरण तालिका ७ मा संक्षेपमा दिइएको छ ।

## तालिका नं. ७

## आयोगका वैठक तथा निर्णयहरु

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३ | २०७७.०४.२० | ❖ प्रथम वार्षिक स्थापना दिवस मनाउने | ❖ २०७७ श्रावण २७ गते कार्यालय परिसर सरसफाई ।<br>❖ २०७७ श्रावण २८ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवको प्रमुख आतिथ्यमा आयोगको कार्यालय प्राङ्गणमा शुभकामना कार्यक्रम सञ्चालन गर्ने ।<br>❖ २०७७।०४।२८ गते साँझ आयोगको कार्यालयमा दीपावली गर्ने । | |
| | | | | ❖ कोभिड १९ को कारण समूहमा कार्यक्रम सञ्चालन गर्न नसकिने भएमा संक्षेपमा सञ्चालन गर्ने । | |
| २ | १४ | २०७७.०४.२९ | ❖ आयोगको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्न समय माग गर्ने | ❖ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ बमोजिम आयोगको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नका लागि समय उपलब्ध गराइदिन प्रदेश प्रमुखको कार्यालयलाई अनुरोध गर्ने । | |
| ३ | १५ | २०७७.०६.०२ | ❖ पाठ्यक्रम आजैका मिति देखि लागू हुने गरी स्वीकृत गर्ने | ❖ प्रदेश इञ्जिनियरिङ सेवा, जियोलोजी समूह जनरल जियोलोजी हाइड्रो जियोलोजी र इञ्जिनियरिङ जियोलोजी उपसमूहको अधिकृत स्तर सातौं तहको पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको प्रथम तथा द्वितीय पत्रको पाठ्यक्रम स्वीकृत गर्ने । | |
| | | | | ❖ प्रदेश इञ्जिनियरिङ सेवा, मेकानिकल समूह अन्तर्गतका जनरल, मेकानिकल र निर्माण उपकरण संभार उपसमूहहरुको अधिकृत स्तर सातौं तहको पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको प्रथम तथा द्वितीय पत्रको पाठ्यक्रम स्वीकृत गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| ३ | १५ | २०७७.०३.०२ | ❖ पाठ्यक्रम आजैका मिति देखि लागू हुने गरी स्वीकृत गर्ने | ❖ प्रदेश स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग र पब्लिक हेल्थ नर्सिङ्ग समूहको अधिकृत स्तर सातौं तहको पदहरुको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको प्रथम तथा द्वितीय पत्रको पाठ्यक्रम स्वीकृत गर्ने । | |
| | | | | ❖ प्रदेश स्वास्थ्य सेवा, फिजियोथेरापी समूह सातौं तह, फिजियोथेरापिष्ट वा सो सरह पदको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको प्रथम तथा द्वितीय पत्रको पाठ्यक्रम स्वीकृत गर्ने । | |
| | | | | ❖ प्रदेश स्वास्थ्य सेवा, मेडिकल ल्याव टेक्नोलोजि समूह सातौं तहको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको प्रथम तथा द्वितीय पत्रको पाठ्यक्रम स्वीकृत गर्ने । | |
| | | | ❖ विभागीय सजाय परामर्श माग | ❖ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभागीय सजाय गर्न प्रस्ताव गरी परामर्श माग गरिएकोमा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० आकर्षित हुने भएकाले उक्त फाइल उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय फिर्ता पठाउने । | |
| ४ | १६ | २०७७.०३.०३ | ❖ परीक्षा दस्तुर (राजश्व) बुझाउने व्यवस्था | ❖ प्रदेश लोक सेवा आयोग बुटवलले पदपूर्ति गर्ने प्रतियोगितात्मक परीक्षाहरुमा उम्मेदवारहरुले बुझाउनु पर्ने परीक्षा दस्तुर (राजश्व) आयोगको राजश्व खातामा नेपालका सवै जिल्लाबाट परीक्षा दस्तुर बुझाउन सक्ने गरी आवश्यक व्यवस्था मिलाइदिन प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवललाई अनुरोध गर्ने । | |
| | | | ❖ लोक सेवा आयोग काठमाडौंलाई आवश्यक कार्यको लागि अनुरोध गर्ने । | ❖ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६० मा प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोगसँग पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्वन्धी विषयमा सहयोग लिन सक्ने व्यवस्था भए बमोजिम आवश्यक कामको लागि लोक सेवा आयोग काठमाडौंलाई अनुरोध गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| ५ | १७ | २०७७.०३.२२ | ❖ प्रतिशत निर्धारण सम्वन्धमा | ❖ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ५ को च.नं. ६०६ मिति २०७७।०६।०७ को पत्रद्वारा प्रदेश निजामती सेवाका इञ्जिनियरिङ सेवा र स्वास्थ्य सेवामा विभिन्न पदमा स्थायी पदपूर्तिको लागि माग भै आएको सन्दर्भमा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका २०६७ (संशोधन सहित) दफा ८ को उपदफा ३ को अनुसूची २ (दुई) बमोजिम प्रतिशत निर्धारण गरी प्रदेश सरकारको अनुरोध बमोजिम खुलातर्फको पदपूर्ति प्रक्रिया शुरु गर्ने र बढुवा तर्फका पद संख्या सुरक्षित राख्ने । | |
| | | | ❖ सूचना अधिकारी तोक्ने सम्वन्धमा | ❖ प्रदेश लोक सेवा आयोग, प्रदेश नं.५ बुटवलको सूचना अधिकारीको रुपमा काम गर्न सचिवले कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई तोक्ने । | |
| | | | ❖ कार्य विवरण स्वीकृत गर्ने सम्वन्धमा | ❖ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा स्वीकृत संगठन तालिका बमोजिम महाशाखा र शाखाहरुको कार्य विवरण स्वीकृत गरी लागू गर्ने । | |
| | | | ❖ दक्ष/विज्ञहरुको नामावली स्वीकृत गर्ने | ❖ प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्ने परीक्षाका लागि प्रश्नपत्र निर्माण लगायत अन्य गोप्य कार्यहरुका लागि प्राप्त दक्ष/विज्ञहरुको नामावली स्वीकृत गर्ने साथै लोक सेवा आयोगमा विज्ञका रुपमा कार्य गरिरहेका विज्ञहरुलाई आवश्यकता अनुसार मनोनयन गर्न सक्ने । | |
| ६ | १८ | २०७७.०३.२४ | ❖ प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ स्वीकृत गर्ने | ❖ विशेषज्ञहरुसँगको सुझाव र सल्लाह बमोजिम अन्तिम रुप दिइएको परिच्छेद १४ दफा ७९ र अनुसूची २९ भएको प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ आजैका मितिदेखि लागु हुने गरी स्वीकृत गर्ने र आयोगको वेव साइटमा प्रकाशित गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| ७ | १९ | २०७७.०३.२१ | ❖ कार्य विभाजन सम्वन्धमा | ❖ यस अघि कार्य विभाजन भएको अतिरिक्त यस आयोगका पदाधिकारीहरुको निकट भविष्यमा आयोगले सञ्चालन गर्ने पदपूर्तिलाई मध्यनजर गरी कार्य विभाजन गर्ने । | |
| | | | ❖ कर्मचारीहरुको जिम्मेवारी तोक्ने सम्वन्धमा | ❖ आयोगले प्रदेश सरकारको माग बमोजिम कर्मचारी पदपूर्तिको प्रकृया प्रारम्भ गर्नु पर्ने भएकोले हाल कार्यरत कर्मचारीहरुको जिम्मेवारी तोक्ने । | |
| | | | ❖ विज्ञ तथा कर्मचारीहरुले ध्यान दिनु पर्ने विषय | ❖ आयोगले सञ्चालन गर्ने परीक्षा सम्वन्धी काममा संलग्न हुने विज्ञ तथा कर्मचारीहरुले ध्यान दिनु पर्ने विषयहरुका सम्वधमा निर्णय गर्ने । | |
| ८ | २० | २०७७.०३.२५ | ❖ विज्ञापन प्रकाशित गर्ने । | ❖ इञ्जिनियरिङ्ग सेवाको हकमा निजमती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ७ र स्वास्थ्य सेवा तर्फ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा ५ बमोजिम समावेशी तर्फको प्रतिशत कायम गरी हुन आउने संख्यामा खुला तथा समावेशी तर्फ प्रतियोगितात्मक परीक्षाको विज्ञापन प्रकाशित गर्ने । | |
| | | | ❖ विज्ञहरुको मनोनयन | ❖ प्रदेश लोक सेवा आयोगले निकट भविष्यमा पदपूर्तिका लागि सञ्चालन गर्ने परीक्षाको लागि अनुभवी विज्ञहरुको खोजी गरी गोप्यतापूर्वक गुणस्तरीय कार्य सम्पादन गर्ने । | |
| | | | ❖ कार्य विभाजन तथा निर्देशन | ❖ आयोगका सचिवद्वारा सम्वन्धित शाखामा कार्य गर्न तोकिएका कर्मचारीले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) निर्धारण ऐन, २०७५ मा उल्लेख भएका सिद्धान्त मापदण्ड र प्रक्रिया अपनाई प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०७६, प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ र प्रदेश लोक सेवा आयोगको आचार संहिता २०७६ का सम्वन्धित प्रावधानहरु पालना गरी सिद्धान्त तथा प्रक्रिया अवलम्वन गरी गोप्यता पूर्वक कार्य गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| ९ | २१ | २०७७.०७.१७ | ❖ पारिश्रमिक दररेट पारिश्रमिक तथा दस्तुर सम्वन्धी मापदण्ड, २०७६ सम्वन्धमा | ❖ प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्वन्धी मापदण्ड, २०७६ लोक सेवा आयोगको मिति २०७७।०५।१८ मा स्वीकृत भएको पारिश्रमिक दररेट बमोजिम कामय गर्ने | |
| | | | | ❖ लोक सेवा आयोग काठमाण्डौका कर्मचारीको आवश्यकता अनुसार सहयोग लिनु पर्ने भएकाले सम्वन्धित कर्मचारीलाई सहयोगका लागि निर्देशन हुन लोक सेवा आयोगलाई अनुरोध गर्ने । | |
| १० | २२ | २०७७.०७.२८ | ❖ सम्मानित सर्वोच्च अदालतको अन्तरकालीन आदेश सम्वन्धमा | ❖ २०७७।०६।२८ गते प्रकाशित सूचना नं. ०१।०७७।०७८ बमोजिमका विज्ञापन सम्वन्धी काम कारवाही अगाडि नबढाइ यथास्थितीमा राख्नु भनी सम्मानित सर्वोच्च अदालतबाट यस आयोगको नाममा अन्तरकालीन आदेश भएको जानकारी हुन आएकोले अर्को आदेश नभएसम्मका लागि संकलित दरखास्तको परीक्षा सम्वन्धी काम कारवाही यथास्थितिमा राखी सम्वन्धित उम्मेदवारहरुको जानकारीको लागि मिति २०७७।०८।०३ गतेको गोरखापत्रमा र आयोगको वेवसाइटमा सूचना प्रकाशन गर्ने । | |
| | | | | ❖ आयोगको मिति २०७७।०६।२८ को सूचना उपर सम्मानित सर्वोच्च अदालतमा रिट परी यस आयोगको नाममा उत्प्रेषण आदेश जारी भई मिति २०७७।०८।०४ गतेको पेशी तोकि सोहि दिन छलफलमा उपस्थित हुन भएको आदेश बमोजिम प्रदेश लोक सेवा आयोगको तर्फबाट उक्त छलफलमा सहभागी हुन आयोगका अध्यक्ष प्रा. डिलाराम भट्टराई जाने र सम्मानित उच्च अदालत तुल्सीपुर, बुटवल इजलाशमा छलफलमा सहभागी हुन आयोगका सदस्य बाबुराम गौतम जाने । | |
| | | | | ❖ आयोगको २०७७।०६।२८ को विज्ञापनलाई लिएर सम्मानित सर्वोच्च अदालत र उच्च अदालत तुल्सीपुर बुटवल इजालाशमा दायर भएको रिटहरुको सम्वन्धमा प्रदेश लोक सेवा आयोगको तर्फबाट कानूनी प्रतिरक्षा गरिदिन प्रदेश मुख्यन्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| ११ | २३ | २०७७.०८.०७ | ❖ लिखित जवाफ पेश सम्वन्धमा | ❖ आयोगबाट प्रकाशित सूचना नं. १।०७७।०७८ उपर सम्मानित सर्वोच्च अदालत र उच्च अदालत तुल्सीपुर बुटवल इजलाशमा आयोगका तर्फबाट पेश हुने लिखित जवाफमा निमित्त सचिव सूर्यप्रसाद भुसालले हस्ताक्षर गरी प्रदेश मुख्यन्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने । | |
| १२ | २४ | २०७७.०८.१० | ❖ कार्य सम्पादन सम्वन्धमा | ❖ आयोगका गोप्य काम गर्दा विज्ञहरुको उपलब्धता र विषयवस्तुको गाम्भीर्य समेतलाई दृष्टिगत गरी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगमा काम गर्दा शुरु गरिएको कार्य नसक्दासम्म सम्वन्धित कर्मचारीले समूहमा बस्ने र रातबस्नु परे खानेबस्ने व्यवस्था कार्यालयमा नै गरी गोप्यतापूर्वक कार्य सम्पादन गर्ने नीतिगत निर्णय गरियो । | |
| १३ | २५ | २०७७.०८.२१ | ❖ अध्ययन भ्रमण सम्वन्धमा | ❖ यस आयोगले आफ्ना कामहरुलाई प्रभावकारी बनाउन अनुभव र कार्य प्रकृयाको अध्ययन गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग वाग्मती प्रदेशमा आयोगका पदाधिकारी एवं नि. सचिव र एकजना अधिकृतस्तरको कर्मचारीको भ्रमण समूहबाट अध्ययन भ्रमण गर्ने । | |
| | | | ❖ प्रवर्द्धनात्मक कार्यक्रमहरु सम्वन्धमा | ❖ आयोगको स्वीकृत कार्यक्रम बमोजिमका प्रवर्द्धनात्मक कार्यक्रमहरु प्रदेश भित्रका विभिन्न जिल्लामा सञ्चालन गर्ने । | |
| | | | ❖ पारिश्रमिक तथा दस्तुर सम्वन्धी मापदण्ड २०७६ अद्यावधिक सम्वन्धमा | ❖ प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्वन्धी मापदण्ड २०७६ लाई आयोगको मिति २०७७।०७।१७ को निर्णयानुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त सहमति बमोजिम अद्यावधिक गर्ने । | |
| १४ | २६ | २०७७.०८.२५ | ❖ परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड २०७७ सम्वन्धमा | ❖ परीक्षा सञ्चालन सम्वन्धी कार्यहरुलाई स्वास्थ्य सुरक्षाका दृष्टिले सुरक्षित तथा व्यवस्थित बनाई संक्रामक रोगबाट सुरक्षित रही कार्य सम्पादन गर्ने वातावरण कायम गर्नका लागि "परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड २०७७" लाई स्वीकृत गरी लागु गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १५ | २७ | २०७७.०९.१३ | ❖ पदपूर्ति कार्यतालिका प्रकाशन गर्ने सम्वन्धमा | ❖ प्रदेश लोक सेवा आयोग, नियमावली, २०७६ को नियम ४५ मा व्यवस्था भए अनुसार प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पदहरु बढुवा, आन्तरिक प्रतिस्पर्धा र खुलाद्धारा पदपूर्ति गर्न कार्यतालिका प्रकाशन गर्ने<br>❖ प्रदेश निजमती सेवाको पदमा पदपूर्ति गर्ने सम्वन्धी कार्यतालिका बमोजिमका सेवा, समूह, उपसमूह र तहका रिक्त पदहरुको माग आकृति फाराम भरी पठाउने व्यवस्था हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गर्ने । | |
| १६ | २८ | २०७७.०९.२३ | ❖ पदपूर्ति कार्यतालिका प्रकाशन तथा पत्राचार गर्ने सम्वन्धमा | ❖ प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह र उपसमूहका सातौं, आठौं तहका रिक्त पदहरु पदपूर्ति गर्न निम्नानुसार पदपूर्ति कार्यतालिका स्वीकृत गरी प्रकाशन गर्ने ।<br>❖ विभिन्न सेवा, समूह र उपसमूहका सातौं, आठौं र नवौं तहका रिक्त पदहरु पदपूर्ति गर्न कार्यतालिका बमोजिम माग आकृति फाराम भरी पठाउने सम्वन्धमा आवश्यक कार्यार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने । कार्यतालिका सम्वन्धमा जानकारीको लागि प्रदेशका विभिन्न मन्त्रालयहरुमा पत्राचार समेत गर्ने । | |
| १७ | २९ | २०७७.१०.२० | ❖ पाठ्यक्रम सम्वन्धमा | ❖ पाठ्यक्रम समितिबाट निर्माण गरी आयोगमा सिफारिस गरिएका प्रदेश कृषि सेवाका विभिन्न तहका ९ वटा पदका पाठ्यक्रम उपर लुम्बिनी प्रदेश, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा रायका लागि पठाउने र सर्वसाधरण सरोकारवालाको रायका लागि आयोगको वेवसाइटमा सूचना सहित उक्त पाठ्यक्रम प्रकाशित गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १८ | ३० | २०७७.१०.२३ | ❖ पाठ्यक्रम सम्वन्धमा | ❖ पाठ्यक्रम निर्माण समितिबाट निर्माण भई आयोगमा सिफारिस भएका स्वास्थ्य सेवाका विभिन्न तहका ८ वटा पदका पाठ्यक्रमहरु उपर राय पठाउने गरी सामाजिक विकास मन्त्रालयमा रायको लागी पठाउने । | |
| १९ | ३१ | २०७७.११.१३ | ❖ विज्ञहरुको नामावली विवरण सम्वन्धमा | ❖ विज्ञहरुको नामावली विवरण पेश गर्न गठित समितिले पेश गरेको विवरण स्वीकृत गर्ने ।<br>❖ विज्ञहरुको विवरण (नामावली) संकलन गर्ने प्रकृया जारी राख्नु पर्ने भएकाले आयोगको वेवसाइट मा सूचना गर्ने । | |
| २० | ३२ | २०७७.११.१७ | ❖ पाठ्यक्रम सम्वन्धमा | ❖ पाठ्यक्रम निर्माण समितिबाट तयार भएका प्रशासन सेवाका विभिन्न समूहका पाठ्यक्रमहरु उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई राय पठाइदिन अनुरोध गर्ने, । | |
| २१ | ३३ | २०७७.११.१९ | ❖ Online Application software निर्माण सम्वन्धमा | ❖ आयोगको कार्यतालिका बमोजिम कार्य सम्पादन गर्न आयोगको वेवसाइटको पुन निर्माणका साथै Online Application software निर्माण समेतका कामहरुका लागि सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान बुटवललाई अनुरोध गर्ने । सो कार्यको लागि आवश्यक समन्वयका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आवश्यक बजेटको व्यवस्थाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयलाई बोधार्थ दिई अनुरोध गर्ने । | |

| क्र.स. | वैठक नं. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| २२ | ३४ | २०७७.१२.०३ | ❖ पाठ्यक्रम स्वीकृत सम्वन्धमा | ❖ पाठ्यक्रम निर्माण समितिबाट आयोगमा सिफारिस भएका विभिन्न ९ वटा पदका प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत कृषि सेवा तर्फका पाठ्यक्रम उपर सेवा समूह सञ्चालन गर्ने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त राय सुझावहरु तत् तत् पाठ्यक्रममा समावेश गरी आजैका मितिदेखि लागु हुने गरी स्वीकृत गर्ने र आयोगको वेवसाइटमा प्रकाशित गर्ने ।<br>❖ पाठ्यक्रम समितिबाट आयोगमा सिफारिस भएका विभिन्न पदका ६ वटा पाठ्यक्रम उपर सम्वन्धित सेवा, समूह, सञ्चालन गर्ने मन्त्रालयको रायका लागि अनुरोध गर्ने । | |
| २३ | ३५ | २०७७.१२.१७ | ❖ पदपूर्ति सम्वन्धमा | ❖ आयोगबाट प्रकाशित अधिकृतस्तर सातौं तहका प्रदेश निजामती सेवाका विभिन्न सेवाका अप्राविधिक पदहरुको पदपूर्ति प्रकृया अगाडि नवढेको व्यहोरा सरोकारवालालाई जानकारी गराउने । | |
| २४ | ३६ | २०७७.१२.३१ | ❖ पदपूर्ति सम्वन्धमा | ❖ आयोगको पूर्व प्रकाशित कार्यतालिका अनुसार प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा चौथो तहका विभिन्न सेवा समूहका पदहरुको तोकिएको मितिमा विज्ञापन प्रकाशित हुन नसकेको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गर्ने । | |

## ३.२ आयोगको कर्मचारी दरबन्दी र विद्यमान अवस्था

प्रदेश सरकारको मिति २०७७।५।११ को पत्र अनुसार प्रशासन सेवा, प्रशासन समूहको ११औं तहको सचिव सहित जम्मा ३० (तीस) जना कर्मचारी रहने गरी अस्थायी दरबन्दी स्वीकृत भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट राजपत्राङ्कित प्रथम श्रेणीका सह-सचिवलाई आयोगको सचिवको रुपमा कामकाज गर्ने गरी खटाएको छ । सचिव सहित आयोगको विद्यमान कर्मचारी संख्या १५ छ । कार्यरत कर्मचारीको विवरण अनुसूची ७ मा दिइएको छ ।

## ३.३ बजेट, निकासा, खर्च र राजश्व


आर्थिक वर्ष २०७७।०७८ मा आयोगको कार्यालयका लागि विभिन्न शीर्षकहरुमा स्वीकृत भएको बजेटमध्ये रु. २,३५,४४,०००.००। को वित्तीय प्रगति देहाय बमोजिम रहेको छ ।

**तालिका नं. ८**

**बजेट, निकासा र खर्च**

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट (रु. हजारमा) | असार मसान्तसम्मको खर्च (रु. हजारमा) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| २१०००००१३ | चालु (सं.कोष) | ३,५१२.०० | २,५७४.७३ | ७३.३१ | |
| २१००००११३ | चालु | १७,२३७.०० | १४,४३७.५० | ८३.७६ | |
| २१००००११४ | पूजिगत | २,७९५.०० | २,५७४.१२ | ९२.१० | |
| जम्मा | | २३,५४४.०० | १९,५८६.३५ | ८३.१९ | |

**चित्र नं. ४**



यसै गरी आयोगले गरेको विज्ञापनमा परेका दरखास्तको परीक्षा शुल्क बापत रु. १,२२,५६,१००.०० (अक्षरुपी एक करोड बाइस लाख छपन्न हजार एक सय रुपैयाँ मात्र) राजश्व संकलन भएको छ ।

**तालिका नं. ९**

**राजश्व**

| | |
|---|---|
| **राजश्व जम्मा रु.** | १,२२,५६,१००.०० |

## ३.४ भौतिक अवस्था

प्रदेश लोक सेवा आयोग स्थापना हुँदा एउटा पुरानो सानो भवनबाट कार्यालय सञ्चालन भएको र केही जनशक्ति थप भए पश्चात् अर्को एक छ कोठे भवन आयोगलाई प्राप्त भई पदाधिकारी तथा कर्मचारीहरुका कार्यकक्षहरु बनाई कार्य सञ्चालन भएको छ । अहिलेको अपर्याप्त भौतिक संरचनाबाट आयोगका काम कारवाही सम्पन्न गर्न कठीन छ। अतः आयोगले प्रश्नपत्र निर्माणदेखि परीक्षा सञ्चालन तथा सिफारिससम्मका काम गर्दा थप जनशक्ति सहित भवन उपलब्ध भएमा मात्र सहज रुपमा कार्य अगाडि बढाउन सकिने अवस्था छ ।

# परिच्छेद - ४

## कानून, पाठ्यक्रम निर्माण, गोष्ठी सञ्चालन तथा परामर्श

आ.व. २०७७/०७८ को अवधिमा प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदान गरेको अधिकार एवम् कार्यक्षेत्र अन्तर्गत रही देहाय बमोजिमका कार्यहरु सम्पादन गरेको छ ।

### ४.१ प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७

प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको भर्ना प्रक्रियालाई वैज्ञानिक, व्यवस्थित, गोप्य र निष्पक्ष बनाउन "प्रदेश लोक सेवा आयोगको (कार्यसञ्चालन) निर्देशिका, २०७७" निर्माण गरेको छ । प्रदेश सरकारबाट निर्माण गरिनु पर्ने प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन तथा तत् सम्बन्धी नियमावलीहरु आई नसकेका कारणले उक्त निर्देशिकाका केही अनुसूचीहरु तयार गर्न बाँकी रहेको अवस्था छ ।

### ४.२ परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७

कोभिड-१९ संक्रामक रोगबाट हुन सक्ने सम्भाव्य स्वास्थ्य जोखिमबाट सुरक्षित रही प्रदेश लोक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न साथै नेपाल सरकार र प्रदेश सरकारद्वारा कोभिड–१९ संक्रमण सम्बन्धी जारी जनस्वास्थ्य मापदण्ड तथा यस मापदण्डको पालना गर्नु परीक्षामा खटिने जनशक्ति, परीक्षा केन्द्र रहेको विद्यालय/कलेज, परीक्षार्थी तथा सम्बन्धित सबैको कर्तव्य भएकाले परीक्षा संचालनको क्रममा स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी आयोगबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६२ अनुसार उक्त मापदण्ड बनाई लागू गरिएको छ ।

### ४.३ पाठ्यक्रम निर्माण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारी भर्नाका लागि सर्वप्रथम नभै नहुने विषय परीक्षाको पाठ्यक्रम नै हो । तसर्थ आयोगले ऐन तथा नियमावलीको प्रावधानमा रहेर पाठ्यक्रम निर्माणको कामलाई अगाडि बढाइरहेको छ । प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ६ बमोजिम पाठ्यक्रम निर्माण समितिले लोक सेवा आयोगको प्रचलित पाठ्यक्रम को आधार लिई सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयका प्रतिनिधिहरु र विषयबस्तुसँग सम्बन्धित विज्ञहरुको राय सुझाव लिई प्रदेशसँग सान्दर्भिक समसामयिक विषयवस्तु समावेश गरी हालसम्म स्वास्थ्य सेवा, इन्जिनियरिङ्ग सेवा, प्रशासन सेवा, विविध

सेवा, कृषि सेवा लगायत विभिन्न समूह, उपसमूहका गरी कूल ४३ पदहरुको पाठ्यक्रम निर्माण गरिसकेको छ। हालसम्म निर्माण भएका पाठ्यक्रमको विवरण अनुसूची ३ मा रहेको छ।

## ४.४ अन्तर प्रदेश समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले अन्य लोक सेवा आयोगहरुसँग सिकाइ आदान प्रदान एवं अनुभव साटासाट गरेको छ। आयोगबाट पदाधिकारी तथा कर्मचारीहरुले बागमती प्रदेशको लोक सेवा आयोगको भ्रमण गरी दुवै प्रदेशले तत्कालीन समयसम्म गरेका काम कारवाहीको सम्बन्धमा विस्तृत छलफल तथा अन्तरक्रिया गरी आगामी दिनमा गर्नु पर्ने कामका र कार्ययोजनाका बारेमा विमर्श गरेको थियो। यसै गरी कर्णाली प्रदेशबाट प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरु र गण्डकी प्रदेशका कर्मचारीहरुको समूह यस आयोगमा आई यहाँबाट भएका काम कारवाहीको जानकारी लिनु भएको छ। यस प्रकारका भ्रमण एवं अन्तरक्रियाबाट आयोगले आफ्नो क्षमता अभिबृद्धि गर्नुका साथै काम कारवाहीलाई प्रभावकारी बनाउदै लैजान अझ मद्दत पुगेको छ। साथै आयोगले गरेका कामहरुबारेमा अन्य प्रदेश लोक सेवा आयोगलाई जानकारी गराउने अवसर प्राप्त हुँदा ती आयोगहरुलाई तत् तत् विषयमा अगाडि बढ्न सहज हुने विश्वास गरिएको छ।

## ४.५ लोक सेवा आयोगसँग समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम आयोगले समान उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थासँग समन्वय वा आपसी सम्बन्ध र सहयोग लिन सक्ने प्रावधान रहेको छ ।

### ४.५.१ लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलन

लोक सेवा आयोग, अनामनगर, काठमाडौंको आयोजनामा "संघीय सुशासनका लागि योग्यता प्रणाली" भन्ने मूल सार (theme) का साथ २०७७ फाल्गुण २३ र २४ गते काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा प्रदेश लोक सेवा आयोगहरु सम्मिलित लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलन (First National Conference of Public Service Commissions of Nepal) सम्पन्न भयो। उक्त सम्मेलनमा प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशबाट आयोगका अध्यक्ष, सदस्य र नि. सचिवले सहभागिता गर्नु भएको थियो। यस आयोगका सदस्य बाबुराम गौतमले आयोगको मौजुदा अवस्था, हालसम्मको कार्य सम्पादनको स्थिति, प्रमुख उपलब्धिहरु, भावी योजना तथा कार्यक्रम र लोक सेवा आयोगसँगको अपेक्षा आदि विषयमा केन्द्रित भई कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

लोक सेवा आयोगका तत्कालीन माननीय अध्यक्ष उमेश प्रसाद मैनालीज्यूको अध्यक्षतामा सम्पन्न उक्त सम्मेलनमा लोक सेवा आयोगको कार्यप्रणाली, आयोगका मूलभूत सिद्धान्तहरु, योग्यता, निष्पक्षता, स्वच्छता जस्ता विषयहरुमा आयोगका अध्यक्ष, सदस्य, पूर्व अध्यक्ष र सदस्यहरुबाट कार्यपत्रहरु प्रस्तुत भएका र ती कार्यपत्रहरुमाथि बृहत् छलफल भएको थियो । दुई दिने सम्मेलनको अन्त्यमा ७ बुँदे निर्णयका साथै ५ बुदे घोषणा पत्र जारी गरिएको थियो । उक्त घोषणा पत्र अनुसूची ४ र निर्णय अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलनबाट लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुका बीचमा संस्थागत सहयोग, समन्वय र सहकार्यको थालनी हुनुका साथै आयोगको गरिमा, विश्वसनीयता र मर्यादा अभिबृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ४.६ अन्तरक्रिया गोष्ठी सञ्चालन

प्रदेश लोक सेवा आयोगले आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि समेतको जानकारी गराउने र प्रदेश सरकार मातहतका कार्यालय एवम् स्थानीय तहहरुमा जनशक्तिको वितरण, पदपूर्ति, सेवा प्रवाह आदिका विषयमा आयोग आफैं पनि जानकार हुने र तत् तत् कार्यालय र तहहरुको अवस्था पहिचान गर्ने उद्देश्यका साथ गुल्मी, प्युठान, रोल्पा र रुकुम (पूर्व), जिल्ला समन्वय समितिको समन्वयमा कार्यक्रम सञ्चालन गरेकोछ । यसै गरी आयोगले क्याम्पस तहका विद्यार्थीहरुको सरकारी सेवा प्रति आकर्षण बढाउने अभिप्रायले अर्घाखाँची, गुल्मी र दाङ्गमा अन्तरक्रिया गोष्ठी सञ्चालन गरेकोछ । यसको विस्तृत जानकारी अनुसूची ६ मा दिइएको छ भने गोष्ठीका तस्वीरहरु अनुसूची ८ मा राखिएकोछ ।

### ४.६.१ गोष्ठीका उद्देश्यहरु

जिल्लास्तर तथा क्याम्पसमा सञ्चालन भएका अन्तरक्रिया गोष्ठीहरुको उद्देश्य प्रदेश सरकार मातहतका जिल्लामा रहेका कार्यालयहरु एवम् स्थानीय तहहरु र क्याम्पसका विद्यार्थीहरुलाई प्रदेश लोक सेवा आयोगको कार्य क्षेत्र, यसका काम, कर्तव्य र अधिकार, यसको कार्य प्रक्रियाका बारेमा अभिमुखीकरण गर्ने रहेको थियो ।

साथै जिल्लामा रहेका प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु एवम् स्थानीय तहहरुमा कर्मचारीको विभिन्न सेवा, समूह र तहका स्वीकृत दरबन्दी संख्या, पदपूर्तिको अवस्था, रिक्त पदहरुको अवस्था, संगठन संरचना स्थानीय तहको आवश्यकता बमोजिम भए नभएको आदि विषयमा छलफल र विश्लेषण गर्नु रहेको थियो ।

४.६.२ **गोष्ठीका विषयवस्तुहरु**

निम्न विषयहरु गोष्ठीमा प्रस्तुत गरी छलफल भएका थिएः

- प्रदेश लोक सेवा आयोग सम्बन्धी नेपालको संविधानमा भएको व्यवस्था
- आयोगको गठन भई कार्यालय सञ्चालन भएपछि हालसम्मको वर्तमान अवस्था
- प्रदेश लोक सेवा आयोग सम्बन्धी संघीय मापदण्डमा उल्लेख भएका प्रावधानहरु
- प्रदेश लोक सेवा आयोगको आगामी दिनको मार्गचित्र
- प्रदेश सरकार र स्थानीय तह बीचको अन्तर सम्बन्धका क्षेत्र र विषयहरु
- परिवर्तित सन्दर्भमा प्रदेश सरकार मातहतका जिल्ला स्थित कार्यालय र स्थानीय तहहरुको कर्मचारी व्यवस्थापन र यसमा देखिएका चुनौतीहरु
- कर्मचारीको कार्यविवण र पाठ्यक्रम  बीचको अन्तर सम्बन्ध, सिद्धान्त र व्यवहार
- स्थानीय तहमा कार्य सम्पादनको अवस्था र कार्य सम्पादनमा देखिएका समस्याहरु
- समाधानका लागि सुझावहरु

४.६.३ **कार्यक्रममा सहभागीहरुबाट दिइएका सुझावहरु** :

- प्रदेश र स्थानीय तहहरुमा कर्मचारीको दरबन्दीहरु रिक्त रहेका कारणले अपेक्षित सेवा प्रवाहमा प्रभावकारिता ल्याउन नसकेको हुँदा पदपूर्तिका कार्यक्रम छिट्टै सञ्चालनमा ल्याउनुपर्ने ।
- कर्मचारी छनौट भई सिफारिस भएका कर्मचारीलाई निजले सम्पादन गर्ने कामका विषयमा सैद्धान्तिक सँगै व्यवहारिक ज्ञान हासिल गराई सेवा प्रवाहका नवीनतम विषयका बारेमा जानकारी दिई पठाउनुपर्ने ।
- स्थानीय तहका कर्मचारीको सरुवा र बढुवा क्षेत्र प्रदेशभर हुनुपर्ने, एउटै स्थानीय तहमा मात्र सिमित गर्दा कर्मचारीको उत्प्रेरणामा ह्रास आउने र वृत्ति विकासमा समेत अवरोध हुने ।
- लुम्बिनी प्रदेशको भूगोललाई सुगम, कम सुगम र दुर्गम गरी कर्मचारीलाई स्थानीय भत्ता दिने र बढुवाको लागि भौगोलिक क्षेत्रको अंक फरक फरक कायम गर्नुपर्ने ।
- प्राविधिक तर्फका सेवाका कर्मचारी दरबन्दी संख्या, कार्यप्रकृति, कार्यचाप, स्थानीय तहको भूगोल र जनसंख्याको आधारमा निर्धारण गर्नुपर्ने ।
- अमिन, खरिद विज्ञ, कानून अधिकृत जस्ता पदका दरबन्दीहरु थप गर्नुपर्ने ।
- गर्भवती तथा नाबालक बच्चा भएका महिला कर्मचारीलाई घर पायक ठाउँमा पदस्थापन गर्नुपर्ने ।

- आयोगको विज्ञापन छिटो छिटो हुनुपर्ने र विद्यार्थीहरुलाई स्थानीय तहहरुले लोक सेवा आयोगका तयारी कक्षा सञ्चालन गर्नुपर्ने ।
- समय समयमा कर्मचारीहरुको क्षमता विकास तालिम विज्ञहरुबाट दिनुपर्ने ।

### ४.७ प्रकाशन

आ.व. २०७७।०७८ मा आयोगको प्रथम बार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ । त्यसैगरी आयोगको बारेमा जानकारी गराउने उद्देश्यले "**प्रदेश लोक सेवा आयोग एक चिनारी**" र आयोगले परीक्षा सञ्चालन गर्ने क्रममा खटिने कर्मचारीहरुलाई मार्गदर्शन गर्ने उद्देश्यले परीक्षामा गर्नु पर्ने काम, कर्तव्य र अधिकारको जानकारीको लागि "**प्रदेश लोक सेवा आयोगको परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरुको काम, कर्तव्य र अधिकार**" व्रोसर प्रकाशन गरेको छ । प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को एकीकृत पुस्तक प्रकाशन गरेको छ ।

### ४.८ दक्ष/विज्ञ/विशेषज्ञको रोष्टर निर्माण

२०७६।७।२९ मा बसेको आयोगको पहिलो बैठकबाट आयोगलाई आवश्यक हुने विज्ञको विवरण संकलनका लागि निवेदन फारम स्वीकृत गर्नुका साथै मिति २०७६।९।१४ को बैठकबाट प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूहका तहका पदको पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, सीप परीक्षण, समूह छलफल तथा अन्तर्वार्ता प्रयोजनका लागि दक्ष/विज्ञ/विशेषज्ञको योग्यता तोकी विभिन्न सम्वद्ध क्षेत्रका दक्ष/विज्ञ/विशेषज्ञहरुको विवरण संकलन गरी रोष्टर सूची तयारी गर्ने कार्य भई रहेकोमा आ.व. २०७७।०७८ मा पनि यसलाई निरन्तरता दिदै आइरहेको छ । मिति २०७७।०६।११ मा बसेको आयोगको वैठकले विभिन्न विशेषज्ञहरुको सूची स्वीकृत गरेको छ भने लोक सेवा आयोगले विशेषज्ञका रुपमा लिएका विशेषज्ञ/विज्ञहरुलाई आयोगले पनि विशेषज्ञ/विज्ञ मान्ने निर्णय गरेको छ ।

### ४.९ विभागीय सजाय सम्वन्धमा परामर्श

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रशासन सेवा, प्रशासन समूहका कर्मचारीलाई विभागीय सजाय गर्न परामर्श माग गरिएकोमा निजलाई विभागीय सजाय गर्ने सम्वन्धमा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० आकर्षित हुने भएकाले उक्त फाइल उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय फिर्ता पठाउने भनी परामर्श दिइएको छ ।

# परिच्छेद ५
# सुझावहरु

## ५ सुझावहरु

नेपालको संविधान, प्रचलित कानून तथा प्रदेश र जिल्लाहरुमा गरिएका अन्तरक्रियात्मक गोष्ठीहरुबाट प्राप्त भएका सुझावहरुका आधारमा देहाय बमोजिम मुख्य-मुख्य सुझावहरु प्रस्तुत गरिएका छन् । प्रथम बार्षिक प्रतिवेदनमा दिइएका सुझावहरु वर्तमान परिप्रेक्षमा पनि त्यत्तिकै सान्दर्भिक रहेका छन् ।

क) नेपालको संविधानको धारा २२७ मा "**गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ**" भन्ने व्यवस्था भएकाले प्रदेश सरकाले स्थानीय तहमा व्यवस्थापन गर्नु पर्ने कर्मचारी सम्वन्धी कानून तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

ख) नेपालको संविधानको धारा २८५ (३) मा "**प्रदेश मन्त्रिपरिषद्, गाउँकार्यपालिका र नगरकार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्नेछन्**" भन्ने व्यवस्था भएकाले कानूनहरु आइसकेपछि प्रदेश र स्थानीय तहहरु गाउँपालिका र नगरपालिकालाई उक्त कानून बमोजिम नै विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्ने मार्ग प्रशस्त हुने हुँदा उक्त कानूनहरु निर्माण यथाशीघ्र हुनु पर्ने आवश्यकता छ।

ग) स्थानीय तहका कर्मचारीहरुको एकमुष्ट अभिलेख आवश्यक हुनाले प्रदेशस्तर वा तत् तत् स्थानीय स्तरमा पद दर्ता देखि लिएर आवश्यक विवरण राख्ने व्यवस्था गर्नु पर्ने हुँदा प्रदेश स्तरमा निजामती कर्मचारी कितावखानाको स्थापना गर्ने र स्थानीय तहहरुका संगठन तालिका बनाई उक्त तालिका बमोजिम शाखा तोकी काम लगाउनु पर्ने देखिन्छ ।

घ) स्थानीय तहहरुमा सेवारत कर्मचारीहरुलाई सेवाकालीन तालिम दिनुका साथै प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएपछि पदको कार्यविवरण र सम्पादन गर्नु पर्ने कार्यसँग मिल्दोजुल्दो पाठ्यक्रम निर्माण गरी सेवा प्रवेश तालिम दिएर काममा लगाउँदा परिणाम प्राप्त गर्न सहज हुने देखिन्छ ।

ङ) पदपूर्ति प्रकृयामा पाठ्यक्रम निर्माण, गोप्यतापूर्वक परीक्षा सञ्चालन, नतिजा तयारी, नतिजा प्रकाशन, सिफारिस तथा परामर्श आदि काम गर्न प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरु बढी सक्षम होउन् भन्ने उद्देश्यले अभिमुखीकरण एवं तालिम कार्यक्रमहरु समय-समयमा सञ्चालन गर्न मनासिव देखिन्छ।

च) प्रदेश निजामती सेवा ऐन बनेमा प्रदेश तहका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा अन्य वृत्ति विकास लगायतका विषयमा स्पष्ट कानूनी प्रावधानहरु भई प्रदेश सरकार र प्रदेश लोक सेवा आयोगलाई काम गर्न मार्ग प्रशस्त हुने हुँदा उक्त ऐन आएमा जनशक्ति व्यवस्थापनमा सहज हुने देखिन्छ ।

छ) प्रदेश लोक सेवा आयोगले आफ्नो काम कर्तव्य सम्पादन गर्न भौतिक पूर्वाधार र उचित जनशक्ति आवश्यक हुने हुँदा पदपूर्तिका लागि आवश्यक कार्य सञ्चालन गर्न चाहिने भवन, थप जनशक्ति र अन्य श्रोत साधनको व्यवस्था गर्न आवश्यक देखिएको छ ।

ज) लोक सेवा आयोगको कामको प्रकृति अनुसार प्रदेश लोक सेवा आयोगका पदाधिकारी र कर्मचारीहरुलाई क्षमता विकास गर्नमा सहयोग गर्न लोक सेवा आयोगमा अनुरोध गर्ने । साथै समय समयमा लोक सेवा आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरु, विज्ञ कर्मचारीहरु तथा विशेषज्ञहरुलाई आमन्त्रण गरी विषयवस्तुसँग सम्बद्ध प्रवचन र कार्यक्रम प्रस्तुति गर्न अनुरोध गरी प्रदेशस्तरमा सरोकारवालाहरुको उपस्थितिमा जानकारी गर्ने गराउने कार्य गर्न उपयुक्त देखिन्छ ।

झ) लोक सेवा आयोगले लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गरिसकेको र यसबाट आयोगको कार्यप्रकृयामा मापदण्ड पालना गर्ने प्रकृयामा मार्गप्रशस्त भएको छ। यस्तो राष्ट्रिय सम्मेलन प्रत्येक वर्ष आयोजना गरेमा समन्वय र सहयोगका माध्यमबाट आयोगको काम अगाडि बढाउन सहज हुने हुँदा प्रत्येक वर्ष सम्मेलन आयोजना गर्न उपयुक्त देखिन्छ ।

ञ) नेपाल सरकारबाट २०७६ बैशाख १६ गते निर्धारण भएको प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको मर्यादाक्रम सम्वन्धी व्यवस्था प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रकृया तथा वहन गर्नु पर्ने जिम्मेवारी तथा दायित्वलाई समेत दृष्टिगत गरी पुनरावलोकन गर्न मनासिव हुने हुँदा प्रदेश सरकारमार्फत नेपाल सरकारमा अनुरोध गर्ने ।

ट) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७७।०५।१९, च.नं. ४३७ को पत्रद्वारा प्रेषित प्रदेश लोक सेवा आयोगको जनशक्ति सम्वन्धी तालिका र दरबन्दी आयोगको कार्य प्रकृति एवं निपक्षता, स्वच्छता तथा असंलग्नताको सिद्धान्तसँग मेल नखाने हुँदा परीक्षा महाशाखासँग सम्वन्धित शाखाहरुको संरचना संशोधन गर्नु पर्ने देखिन्छ ।

# अनुसूची १

**प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश**
**मुकामः बुटवल, नेपालबाट मिति २०७७।०६।२८ गते प्रकाशित**
**नेपाल स्वास्थ्य सेवाको आठौ र सातौं तह तथा नेपाल इञ्जिनियरिङ्ग सेवाको**
**सातौं तहका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

**सूचना नं. ०१/२०७७-०७८**

| स्वास्थ्य सेवा, आठौं तह | | | | |
|---|---|---|---|---|
| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पद संख्या |
| १. | HLT-५१००१/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | खुला | २७ |
| २. | HLT-५१००२/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | महिला | ७ |
| ३. | HLT-५१००३/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | आ.ज. | ६ |
| ४. | HLT-५१००४/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मधेसी | ५ |
| ५. | HLT-५१००५/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | दलित | २ |
| ६. | HLT-५१००६/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | अपाङ्ग | १ |
| ७. | HLT-५१००७/२०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | पि.क्षे. | १ |
| कूल जम्मा पद | | | | ४९ |
| स्वास्थ्य सेवा, सातौं तह | | | | |
| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पद संख्या |
| १. | HLT-५१००८/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | खुला | ४ |
| २. | HLT-५१००९/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | महिला | १ |
| ३. | HLT-५१०१०/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | आ.ज. | १ |
| ४. | HLT-५१०११/२०७७-७८ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | मधेसी | १ |
| कूल जम्मा पद | | | | ७ |
| १. | HLT-५१०१२/२०७७-७८ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | खुला | २ |
| २. | HLT-५१०१३/२०७७-७८ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | महिला | १ |
| कूल जम्मा पद | | | | ३ |
| १. | HLT-५१०१४/२०७७-७८ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | खुला | ३ |
| २. | HLT-५१०१५/२०७७-७८ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | महिला | १ |
| ३. | HLT-५१०१६/२०७७-७८ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | आ.ज. | १ |
| कूल जम्मा पद | | | | ५ |

| इञ्जिनियरिङ्ग सेवा, सातौं तह | | | | |
|---|---|---|---|---|
| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पद संख्या |
| १. | ENG-५२००१/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | खुला | ३ |
| २. | ENG-५२००२/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | महिला | १ |
| ३. | ENG-५२००३/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | आ.ज. | १ |
| ४. | ENG-५२००४/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | मधेसी | १ |
| कूल जम्मा पद | | | | ६ |
| १. | ENG-५२००५/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | २ |
| २. | ENG-५२००६/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, जनरल | महिला | १ |
| ३. | ENG-५२००७/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, जनरल | आ.ज. | १ |
| कूल जम्मा पद | | | | ४ |
| १. | ENG-५२००८/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | खुला | ३ |
| २. | ENG-५२००९/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | महिला | १ |
| ३. | ENG-५२०१०/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | आ.ज. | १ |
| ४. | ENG-५२०११/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | मधेसी | १ |
| कूल जम्मा पद | | | | ६ |
| १. | ENG-५२०१२/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | खुला | १ |
| २. | ENG-५२०१३/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | महिला | १ |
| कूल जम्मा पद | | | | २ |
| १. | ENG-५२०१४/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | खुला | १ |
| कूल जम्मा पद | | | | १ |
| १. | ENG-५२०१५/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | ५ |
| २. | ENG-५२०१६/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | १ |
| ३. | ENG-५२०१७/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | १ |
| ४. | ENG-५२०१८/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेसी | १ |
| ५. | ENG-५२०१९/२०७७-७८ | इञ्जिनियर, इञ्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | दलित | १ |
| कूल जम्मा पद | | | | ९ |
| १. | ENG-५२०२०/२०७७-७८ | मेकानिकल इञ्जिनियर, इञ्जिनियरिङ्ग, मेकालिनक, जनरल मेकानिकल | खुला | २ |
| २. | ENG-५२०२१/२०७७-७८ | मेकानिकल इञ्जिनियर, इञ्जिनियरिङ्ग, मेकालिनक, जनरल मेकानिकल | महिला | १ |
| ३. | ENG-५२०२२/२०७७-७८ | मेकानिकल इञ्जिनियर, इञ्जिनियरिङ्ग, मेकालिनक, जनरल मेकानिकल | आ.ज. | १ |
| कूल जम्मा पद | | | | ४ |

# अनुसूची २

## विभिन्न पदहरुको लागि परेको दरखास्त अनुसारको संख्यात्मक विवरण

| विज्ञापन विवरण | समावेशी समूह | दरखास्त संख्या | माग पद |
|---|---|---|---|
| ENG 52001-52004/2077-78 | इञ्जिनियरिङ्ग सेवा, सिभिल, हाइवे | | |
| ENG 52001/2077-78 | खुला | १८४५ | ३ |
| ENG 52002/2077-78 | महिला | १८४ | १ |
| ENG 52003/2077-78 | आदिवासी/जनजाति | २३० | १ |
| ENG 52004/2077-78 | मधेसी | ४८५ | १ |
| **जम्मा उम्मेदवार संख्या** | १८५२ | | |
| **महिला** | १८४ | | |
| **पुरुष** | १६६८ | | |
| ENG 52005-52007/2077-78 | इञ्जिनियरिङ्ग सेवा / सिभिल / जनरल | | |
| ENG 52005/2077-78 | खुला | ११४२ | २ |
| ENG 52006/2077-78 | महिला | १२७ | १ |
| ENG 52007/2077-78 | आदिवासी/जनजाति | १४० | १ |
| **जम्मा उम्मेदवार संख्या** | ११५२ | | |
| **महिला** | १२९ | | |
| **पुरुष** | १०२३ | | |
| ENG 52008-52011/2077-78 | इञ्जिनियरिङ्ग सेवा / सिभिल / इरिगेशन | | |
| ENG 52008/2077-78 | खुला | १५१० | ३ |
| ENG 52009/2077-78 | महिला | १६१ | १ |
| ENG 52010/2077-78 | आदिवासी/जनजाति | १७३ | १ |
| ENG 52011/2077-78 | मधेसी | ३९३ | १ |
| **जम्मा उम्मेदवार संख्या** | १५२१ | | |
| **महिला** | १६२ | | |
| **पुरुष** | १३५९ | | |

| विज्ञापन विवरण | समावेशी समूह | दरखास्त संख्या | माग पद |
|---|---|---|---|
| ENG 52012-52013/2077-78 | इञ्जिनियरिङ्ग सेवा / सिभिल / हाइड्रोपावर | | |
| ENG 52012/2077-78 | खुला | ५८० | १ |
| ENG 52013/2077-78 | महिला | ७२ | १ |
| जम्मा उम्मेदवार संख्या | ५८९ | | |
| महिला | ७४ | | |
| पुरुष | ५१५ | | |
| ENG 52014/2077-78 | इञ्जिनियरिङ्ग सेवा / सिभिल / स्यानिटरी | | |
| ENG 52014/2077-78 | खुला | ५७६ | १ |
| जम्मा उम्मेदवार संख्या | ५७६ | | |
| महिला | ४७ | | |
| पुरुष | ५२९ | | |
| ENG 52015-52019/2077-78 | इञ्जिनियरिङ्ग सेवा / सिभिल / बिल्डिङ्ग एण्ड आर्किटेक्ट | | |
| ENG 52015/2077-78 | खुला | १२९० | ५ |
| ENG 52016/2077-78 | महिला | १४९ | १ |
| ENG 52017/2077-78 | आदिवासी/जनजाति | १६१ | १ |
| ENG 52018/2077-78 | मधेसी | ३०९ | १ |
| ENG 52019/2077-78 | दलित | ३३ | १ |
| जम्मा उम्मेदवार संख्या | १२९८ | | |
| महिला | १५२ | | |
| पुरुष | ११४६ | | |

## अनुसूची ३

### प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशबाट तयार गरिएका पाठ्यक्रमहरुको विवरण

| क्र.स. | स्वीकृत भएको आयोगको वैठक नं. तथा मिति | स्वीकृत पाठ्यक्रमको विवरण |
|---|---|---|
| १ | १२-२०७७.०३.३० | प्रदेश स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूहको आठौं तह मेडिकल अधिकृत पदको प्रथम तथा द्वितीय पत्र |
| २ | १२-२०७७.०३.३० | प्रदेश स्वास्थ्य सेवा, आयुर्वेद समूह अन्तर्गत आठौं तहका आयुर्वेद चिकित्सक पदको प्रथम तथा द्वितीय पत्र |
| ३ | १२-२०७७.०३.३० | स्वास्थ्य सेवा, डेन्टिष्ट्री समूहको आठौ तहको प्रथम तथा द्वितीय पत्र |
| ४ | १२-२०७७.०३.३० | इञ्जिनियरिङ्ग सेवा सिभिल समूह अन्तर्गतका जनरल, हाइवे, हाइड्रोपावर, इरिगेशन र स्यानिटरी उपसमूहहरुको सातौ तहका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको प्रथम तथा द्वितीय पत्र |
| ५ | १२-२०७७.०३.३० | प्रदेश इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह सातौ तहको द्वितीय पत्र |
| ६ | १५-२०७७.०६.०२ | इञ्जिनियरिङ्ग सेवा जियोलोजी समूह अन्तर्गतका जनरल जियोलोजी, हाइड्रोजियोलोजी र इन्जिनियरिङ्ग जियोलोजी उपसमूहहरुको अधिकृतस्तर सातौं तहका पदहरुको प्रथम तथा द्वितीय पत्र |
| ७ | १५-२०७७.०६.०२ | इञ्जिनियरिङ्ग सेवा मेकानिकल समूह अन्तर्गतका जनरल मेकानिकल र निर्माण उपकरण संभार उपसमूहहरुको अधिकृतस्तर सातौं तहको प्रथम तथा द्वितीय पत्र |
| ८ | १५-२०७७.०६.०२ | स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग र पब्लिक हेल्थ नर्सिङ्ग समूहको सातौँ तह प्रथम पत्र |
| ९ | १५-२०७७.०६.०२ | स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूहको सातौँ तह द्वितीय पत्र |
| १० | १५-२०७७.०६.०२ | स्वास्थ्य सेवा, मेडिकल ल्याव टेक्नोलोजी समूहको सातौँ तहको प्रथम तथा द्वितीय पत्र |
| ११ | १५-२०७७.०६.०२ | स्वास्थ्य सेवा, फिजियोथेरापी समूह, सातौ तह, फिजियोथेरापीष्ट वा सो सरह पदको प्रथम तथा द्वितीय पत्र |

| | | |
|---|---|---|
| १२ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा, फुड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल समूह, अधिकृतस्तर सातौ तहका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| १३ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा, फिसरिज समूह, अधिकृतस्तर सातौ तहका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ् यक्रम |
| १४ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा अन्तर्गतका लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूह, अधिकृतस्तर सातौं तहको पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| १५ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा, भेटेरिनरी समूह, अधिकृतस्तर सातौं तहका पदहरुको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| १६ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका फुड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल समूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| १७ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| १८ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| १९ | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, सहायकस्तर चौथो तह नायव प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| २० | ३४-२०७७.१२.०३ | प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, सहायकस्तर चौथो तह नायव प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |

**प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको पाठ्यक्रम समितिबाट तयार भई आयोगबाट स्वीकृत हुन बाँकी पाठ्यक्रमहरुको विवरण**

| क्र.स. | समितिबाट स्वीकृत पाठ्यक्रमको विवरण |
|---|---|
| १ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गत प्रशासन सेवा, प्रशासन, राजस्व, लेखा र प्रदेश व्यवस्थापिका समूह, सहायकस्तर पाँचौ तहका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| २ | प्रदेश कृषि सेवाका एगृ एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एगृ. इको. एण्ड मार्केटिङ्क र स्वायल साइन्स समूहका अधिकृतस्तर सातौं तहका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| ३ | प्रदेश निजामती सेवा अन्तर्गत प्रशासन सेवा अन्तर्गत प्रशासन, राजस्व, लेखा र प्रदेश व्यवस्थापिका समूह, अधिकृतस्तर सातौ तहका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| ४ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा, पब्लिक हेल्थ नर्सिङ समूह, सहायकस्तर पाँचौ तह, पब्लिक हेल्थ नर्स पदको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| ५ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा, जनरल हेल्थ नर्सिङ समूह, सहायकस्तर पाँचौ तह, जनरल हेल्थ नर्स पदको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| ६ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा, हेल्थ इन्स्पेक्सन समूह, सहायकस्तर पाँचौ तह, हेल्थ असिस्टेन्ट, औलो सुपरभाइजर/भेक्टर कन्ट्रोल सुपरभाइजर, क्षय/कुष्ठ सुपरभाइजर, भेक्टर वर्न डिजिज कन्ट्रोल सुपरभाइजर, परिवार नियोजन सुपरभाइजर, खोप सुपरभाइजर र कोल्ड चेन सुपरभाइजर पदहरुको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| ७ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा, मेडिकल ल्याव टेक्नोलोजी समूह, पाँचौ तहको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| ८ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका फिजियोथेरापी समूह, सहायकस्तर पाँचौ तहको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| ९ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका फार्मेसी समूह, सहायकस्तर पाँचौ तहको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| १० | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, पाँचौ तह, सव-इञ्जिनियर पदको पाठ्यक्रम |

| | |
|---|---|
| ११ | प्रदेश इञ्जिनियरिङ्ग सेवा तथा स्थानीय सरकारी सेवा अन्तरगत सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह, पाँचौं तहको पाठ्यक्रम |
| १२ | प्रदेश इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह पाचौं तहको ल्याव टेक्निसियन पदको पाठ्यक्रम |
| १३ | प्रदेश इञ्जिनियरिङ्ग सेवा तथा स्थानीय तह अन्तर्गतका प्राविधिक तर्फ सर्भे समूह, पाँचौं तह, सर्भेक्षक पदको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम |
| १४ | प्रदेश स्वास्थ्य सेवा मेडिकल रेकडर्स समूह, सहायकस्तर पाँचौ तह, मेडिकल रेकर्डर पदको खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| १५ | प्रदेश स्वास्थ्य सेवा, डेन्टिष्ट्री समूह, सहायकस्तर पाँचौ तह, डेन्टल हाइजेनिष्ट वा सो सरह पदको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| १६ | प्रदेश स्वास्थ्य सेवा, विविध समूह, सहायकस्तर पाँचौ तह, बायोमेडिकल टेक्निसियन पदको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |
| १७ | प्रदेश विविध सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत सहायकस्तर पाँचौ तह, महिला विकास निरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| १८ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा, मेडिकल ल्याव टेक्नोलोजी समूह, सहायक चौथो तह, ल्याव असिष्टेण्ट पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| १९ | प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत पव्लिक हेल्थ नर्सिङ्ग समूह, सहायकस्तर चौथो तह, अ. न. मि. पदको खुला लिखित परीक्षाको पाठ्यक्रम |
| २० | प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवामा रहने इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, खानेपानी तथा सरसफाइ टेक्निसियन चौथो तहको पदको पाठ्यक्रम |
| २१ | प्रदेश इञ्जिनियरिङ्ग सेवा तथा स्थानीय तह अन्तर्गतका प्राविधिक तर्फ सर्भे समूह, चौंथो तह, अमिन पदको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम |
| २२ | प्रदेश विविध सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका सहायकस्तर चौथो तह, सहायक महिला विकास निरीक्षक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम |
| २३ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गत प्रशासन सेवा, प्रशासन, राजस्व र लेखा समूह, सहायकस्तर चौथो तहको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम |

# अनुसूची ४

## लोक सेवा आयोगहरुको प्रथम राष्ट्रिय सम्मेलन

*संघीय सुशासनका लागि योग्यता प्रणाली*

**लोक सेवा आयोगहरूको प्रथम राष्ट्रिय सम्मेलन**

धुलिखेल, काभ्रेपलाञ्चोक

(२०७७ फागुन २३-२४)

## घोषणापत्र

हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू,

योग्यता प्रणालीका मान्य सिद्धान्तप्रति विश्वस्त र दृढ हुँदै,

लोक सेवा आयोगको गौरवपूर्ण अतीतप्रति गर्व गर्दै,

निष्पक्षता, स्वच्छता र वस्तुनिष्ठता जस्ता भर्ना छनौटका मूल्यप्रति समर्पित हुँदै,

आयोगप्रतिको जनविश्वासका लागि उच्च सम्मान गर्दै,

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै,

निम्न प्रतिवद्धताहरू सामूहिक रूपमा घोषणा गर्दछौं:

"हामी सार्वजनिक पदहरूको भर्ना र छनौटमा योग्यता प्रणालीका आधार र सिद्धान्तहरूको पूर्ण पालना गर्नेछौं।

राजनीतिक, सामाजिक र व्यक्तिगत सम्बन्धका आधारमा पर्न सक्ने प्रभाव, दवाव र आग्रहवाट मुक्त भई निष्पक्ष भर्ना र छनौटद्वारा राज्यको सेवामा योग्यतम् व्यक्ति प्रवेश गराउन प्रतिवद्ध हुनेछौं।

योग्यता परीक्षणका विधिहरूमा भइरहेका प्रवर्तनको प्रयोग र नवीन आविष्कारद्वारा आधुनिक गुण परीक्षण विधि अवलम्बन गर्दै एक्काइसौं शताब्दीको चुनौती सामना गर्न सक्ने जनशक्ति सार्वजनिक सेवामा भित्र्याउने र लोक सेवा आयोगहरूलाई योग्यता प्रणालीको उत्कृष्ट केन्द्रको रूपमा स्थापित गर्ने कटिवद्धता व्यक्त गर्दछौं।

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबीच सहकार्य तथा समन्वय गरी अनुकरणीय प्रणाली स्थापित गर्दै संघीय सुशासन प्रवर्द्धन गर्न योगदान गर्नेछौं।

साथै, संस्थाको पवित्रता जोगाउँदै नागरिकहरूको विश्वासको धरोहरको रूपमा स्थापित गराउने संकल्प गर्दछौं।"

| | | | | | |
|---|---|---|---|---|---|
| उमेश प्रसाद मैनाली | उत्तम कुमार भट्टराई | सुरेन्द्र प्रसाद यादव | सुरेश मान श्रेष्ठ | प्रा. डिलाराम भट्टराई | राम प्रसाद उपाध्याय |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ | प्रदेश लोक सेवा आयोग प्रदेश नं. २ | प्रदेश लोक सेवा आयोग बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश |

२०७७ फागुन २४ गते सोमवार ।

# अनुसूची ५

*संघीय सुशासनका लागि योग्यता प्रणाली*

लोक सेवा आयोगहरूको

## प्रथम राष्ट्रिय सम्मेलन

२०७७ फागुन २३ र २४ गते, धुलिखेल, काभ्रेपलाञ्चोक

### निर्णयहरू

१. प्रदेश लोक सेवा आयोगबाट सम्पादन हुने कार्यमा योग्यता प्रणाली (Merit System) संस्थापन, प्रवर्द्धन र सम्वर्द्धन गर्न लोक सेवा आयोग र यस मातहतका कार्यालयबाट आवश्यकता अनुसार समन्वय, सहकार्य र सहजीकरण गर्ने। यस कार्यलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार प्रदेश लोक सेवा आयोगहरूको स्थलगत भ्रमण गरी अन्तरक्रियात्मक छलफलको माध्यमबाट सल्लाह र सुझाव आदान-प्रदान गर्ने।

२. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादा-क्रम सम्बन्धी व्यवस्था प्रचलित कानूनी व्यवस्था, नियुक्ति र वर्खास्तको प्रकृया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकार समक्ष माग गर्ने।

३. प्रदेश लोक सेवा आयोगबाट अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गर्दा लोक सेवा आयोगबाट विज्ञ सेवाका लागि अनुरोध गर्न सक्ने र पदपूर्ति प्रक्रियामा आवश्यक हुने पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र सिफारिस सम्मका कार्यमा आवश्यकता अनुसार लोक सेवा आयोगले समन्वय र सहजीकरण गर्ने।

४. संघीय निजामती सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानून तत्काल निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारको गम्भीरतापूर्वक ध्यानाकार्षण गर्ने।

५. प्रदेश लोक सेवा आयोगले आयोजना गर्ने अन्तरप्रदेश लोक सेवा आयोगको गोष्ठीमा लोक सेवा आयोगले समेत सहभागीता जनाउने।

६. प्रत्येक वर्ष फागुन २३ गतेका दिन लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन आयोजना गर्ने।

७. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनालीको अध्यक्षतामा ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन सफलता पुर्वक सम्पन्न गर्न पुर्याउनु भएको सहयोगको लागि आयोगका पूर्व माननीय अध्यक्षज्यूहरू, सदस्यज्यूहरू र आयोजनामा खटिने सम्वद्ध राष्ट्रसेवक कर्मचारी मित्रहरू लगायत सवैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने।

| | | | | | |
|---|---|---|---|---|---|
| उमेश प्रसाद मैनाली | उत्तम कुमार भट्टराई | सुरेन्द्र प्रसाद यादव | सुरेश मान श्रेष्ठ | प्रा. डिलाराम भट्टराई | राम प्रसाद उपाध्याय |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ | प्रदेश लोक सेवा आयोग प्रदेश नं. २ | प्रदेश लोक सेवा आयोग वागमती प्रदेश | प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश |

२०७७ फागुन २४ गते सोमबार ।

# अनुसूची ६

## आयोगबाट सञ्चालन भएका प्रवर्धनात्मक कार्यहरु :

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति | कार्यक्रम सञ्चालन भएको स्थान | कार्यक्रमको उद्देश्य | कार्यक्रममा सहभागीहरु | कार्यक्रममा प्रस्तुत गरिएका एवं छलफल भएका विषयवस्तुहरु |
|---|---|---|---|---|---|
| १ | २०७७/०८/०८ र ०९ | बुटवल | १. प्रदेश लोक सेवा आयोगमा कार्यरत कर्मचारीहरुलाई आयोगबाट गर्नुपर्ने काम कारवाहीका विषयमा अभिमुखीकरण गरी कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।<br>२. प्रदेश लोक सेवा आयोगले लिने प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पदमा पदपूर्तिका लागि परीक्षा संचालन देखि सिफारिस सम्मका चरणमा अवलम्वन गर्नुपर्ने प्रक्रिया, गोपनीयता एवं कानूनी प्रावधानको विषयमा ज्ञान तथा कार्यमूलक सीप हासिल गराउने । | ❖ आयोगका पदाधिकारीहरु कार्यक्रम अवधिभर गोष्ठीमा बसी सहभागी भएको ।<br>❖ आयोगमा कार्यरत सबै तहका कर्मचारीहरु | १. प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार : अन्तर्वार्ता र सिफारिस<br>२. आयोगको काममा दक्ष/विज्ञ र कर्मचारीको भूमिका तथा जवाफदेहिता<br>३. प्रदेश लोक सेवा आयोगमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन<br>४. दक्ष/विज्ञको रोष्टर तयारी, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, भण्डारणमा आयोग र कर्मचारीका भूमिका<br>५. उत्तरपुस्तिका संकेतीकरण, परीक्षण तथा लिखित परीक्षा नतिजा प्रकाशन<br>६. प्रदेश लोक सेवा आयोग र यसको आर्थिक व्यवस्थापन। |
| २ | २०७७/०९/१० | ज्योति भविश्वर बहुमुखी क्याम्पस, ठाडा शितगंगा, अर्घाखाची | स्थानीय तहका पदाधिकारी एवं कर्मचारीहरु, क्याम्पस प्रमुख, प्राध्यापक र विद्यार्थीहरुलाई आयोगको कार्य प्रकृति बारेमा जानकारी गराउनुका साथै विद्यार्थीलाई लोक सेवा तयारी गर्ने तरीका सिकाई नयाँ परिवेशमा आयोगद्वारा संचालन गरिने विज्ञापनमा विद्यार्थी भाई बहिनीहरुलाई उत्प्रेरणा जगाउने । | क्याम्पस तहका छात्र, छात्राहरु, क्याम्पसका अध्यापक र क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरु, कार्यक्रम भएका स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र प्रशासन हर्ने कर्मचारी । | १. प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार तथा प्रदेश र स्थानीय तहमा पदपूर्ति प्रक्रिया<br>२. प्रदेश लोक सेवा आयोगको पाठ्यक्रम र प्रश्नपत्र निर्माण, परीक्षा संचालन, परीक्षण विधि र नतिजा सिफारिस<br>३. स्थानीय सरकारी सेवाका कर्मचारीको पदपूर्ति सम्बन्धी व्यवस्था साथै आयोगबाट सञ्चालन हुने परीक्षा तयारी गर्दा उम्मेदवारले पाठ्य सामाग्री अध्ययनलाई प्रभावकारी गराउने तरिकाहरु । |
| ३ | २०७७/०९/१४ | श्रृङ्गीश्वर बहुमुखी क्याम्पस, रानीवास, गुल्मी | | | |
| ४ | २०७७/०९/२० | देउखुरी बहुमुखी क्याम्पस, लमही, दाङ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | २०७७/०९/२३ | बिजुवार, प्युठान | १. प्रदेश लोक सेवा आयोगका काम, कर्तव्य र कार्य प्रक्रिया बारेमा स्थानीय तहका पदाधिकारीहरुलाई अवगत गराउने ।<br>२. स्थानीय तहमा कर्मचारी व्यवस्थापन सम्बन्धी देखिएका सबल र कमजोर पक्षको विश्लेषण गर्दै समीक्षा गर्ने ।<br>३. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरुको सेवा, सुविधा, नियुक्ति, सरुवा, बढुवा सम्बन्धमा के कस्ता कानूनी प्रावधानहरु उपयुक्त हुन्छ ? छलफल गरी राय सुझाव लिने । | १. जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख,<br>२. स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत<br>३. सम्बन्धित जिल्लाका प्र.जि.अ.हरु<br>४. जिल्ला सदरमुकाममा रहेका प्रदेश सरकार मातहतका कार्यालयका कार्यालय प्रमुखहरु । | १. प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य, अधिकार एवं अनुगमन र निरीक्षण तथा कार्य प्रक्रिया सम्बन्धी कार्यपत्र प्रस्तुतीकरण<br>२. स्थानीय तहमा कर्मचारी व्यवस्थापन सम्बन्धमा स्थानीय तहले अनुभव गरेका सबल र कमजोर पक्षका बारेमा छलफल<br>३. कर्मचारीको सरुवा, बढुवा, तालिम, प्रोत्साहन लगायतका वृत्ति विकासका सम्बन्धमा राय सुझाव संकलन । |
| ६ | २०७७/१२/१० | जिल्ला समन्वय समितिको सभाकक्ष, तम्घास, गुल्मी | | | |
| ७ | २०७७/१२/२९ | सिस्ने गा.पा. को सभाकक्ष, रुकुम पूर्व | | | |
| ८ | २०७८/०१/०३ | जिल्ला समन्वय समितिको सभाकक्ष, रोल्पा | | | |

❖ प्रदेश लोक सेवा आयोगका कर्मचारीको क्षमता विकास तालिममा आयोगका सदस्य बाबुराम गौतम, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव नारायण प्रसाद दुवाडी, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव बाबुराम अधिकारी र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रविलाल पन्थले कार्यपत्र सहितको प्रस्तुतीकरणबाट सहभागीमाझ सहजीकरण गर्नुभएको थियो । यसैगरी क्याम्पस तथा स्थानीय तहहरुमा सञ्चालन भएका कार्यक्रमहरुमा आयोगका अध्यक्ष, सदस्य र नि.सचिवबाट कार्यपत्रहरु प्रस्तुत भएका थिए ।

# अनुसूची ७

## मौजुदा कर्मचारीहरुको नामावली

| क्र.स. | नाम, थर | पद | श्रेणी/तह |
|---|---|---|---|
| १ | श्री शंकरहरि आचार्य | सचिव | रा.प.प्रथम श्रेणी |
| २ | श्री चेतनाथ गिरी | उपसचिव | रा.प.द्वितीय श्रेणी |
| ३ | श्री नारायण प्रसाद आचार्य | अधिकृत | अधिकृतस्तर आठौं तह |
| ४ | श्री गंगाधर पाण्डेय | अधिकृत | अधिकृतस्तर सातौं तह |
| ५ | श्री विस्नु प्रसाद अर्याल | कम्प्युटर अधिकृत | अधिकृतस्तर छैठौं तह |
| ६ | श्री शिवहरि ज्ञवाली | अधिकृत | अधिकृतस्तर छैठौं तह |
| ७ | श्री वेद प्रसाद सुवेदी | कम्प्युटर अधिकृत | अधिकृतस्तर छैठौं तह |
| ८ | श्री सीता मरासिनी | अधिकृत (लेखा) | अधिकृतस्तर छैठौं तह |
| ९ | श्री पार्वती ज्ञवाली | सहायक | सहायकस्तर पाँचौ तह |
| १० | श्री लक्ष्मण गैरे | ह.स.चा. | करार |
| ११ | श्री हरिनारायण चौधरी | ह.स.चा. | करार |
| १२ | श्री सुदिप थारु | ह.स.चा. | करार |
| १३ | श्री शान्ता गौतम | कार्यालय सहयोगी | करार |
| १४ | श्री शंकर पन्थी | कार्यालय सहयोगी | करार |
| १५ | श्री नारायण प्रसाद भण्डारी | कार्यालय सहयोगी | करार |

# अनुसूची ८

# विभिन्न गतिविधिहरुका तस्वीरहरु

## प्रथम बार्षिक स्थापना दिवस कार्यक्रम






# सचिवज्यूको स्वागत





# रुकुम (पूर्व) जिल्लाको कार्यक्रम





# रोल्पा जिल्लाको कार्यक्रम






# प्यूठान जिल्लाको कार्यक्रम





# गुल्मी जिल्लाको कार्यक्रम





# कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम





# दाङ जिल्लाको लमही स्थित देउखुरी वहुमुखी क्याम्पसमा विद्यार्थीहरुसँग गरिएको कार्यक्रम





# अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका तथा गुल्मी जिल्लाको रुरुक्षेत्र गाउँपालिकाका विद्यार्थीहरुसँग गरिएको कार्यक्रम






# कर्णाली तथा गण्डकी प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको भेटघाट कार्यक्रम





# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश